मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily



सूचना

लोकसेवा आयोगको दृढ अठोट- स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



◆ वर्ष : २५ ◆ अङ्क : ६९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ ११ गते शनिवार (Saturday, January 25. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


### पाइला-पाइलामा उपभोक्ता ठगिँदै

## उपभोक्ताको हित रक्षा गर्ने सरोकारवालाको प्रतिबद्धता



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, माघ १०।** पाइला-पाइलामा उपभोक्ता ठगिन थालेको शुक्रबार बिर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागी सरोकारवालाले औंल्याएका छन् ।

पछिल्लो समय ठगी बढेसँगै उपभोक्ताका अधिकार हनन् भइरहेको उनीहरुले बताए । जिल्ला समन्वय समिति झापाका प्रमुख सोम पोर्तेलको अध्यक्षतामा भएको छलफलका सहभागीले बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनीहरुले राम्रो काम गर्ने व्यवसायीलाई पुरस्कृत र उपभोक्ता हित विपरीत काम गर्नेलाई दण्डित गर्ने परिपाटीको शुरुवात गर्न समेत सुझाए । संविधानले स्थानीय सरकारलाई उपभोक्ता हित रक्षाका लागि दिएको अधिकार कार्यान्वयन गर्न जिल्ला समन्वय समितिले मातहतका पालिकालाई चलायमान बनाउनुपर्नेमा सहभागीले सुझाव दिएका थिए ।

उपभोक्ता हितका लागि भएको छलफलमा पाँच बुँदे निर्णय समेत भएको छ । उपभोक्ता हित रक्षाका लागि बजार अनुगमन लगायतका कार्य प्रभावकारी बनाउन जिल्ला समन्वय समितिको अगुवाईमा जिल्ला तहमा छुट्टै संयन्त्र स्थापना गरी त्यसको मासिक बैठक र आवश्यक नीति निर्माण गरी अग्रसर हुने निर्णय गरिएको छ । त्यस्तै जिल्ला समन्वय समितिले १५ वटै पालिकाका अनुगमन समिति संयोजकको बैठक तत्काल बोलाइ आवश्यक काम अघि बढाउने बताइएको छ ।

चालू वर्षको पुस मसान्तसम्ममा पालिकामा भएका अनुगमनको विवरण र पालिकास्तरमा रहेका अनुगमन संयन्त्रको विवरण जिल्ला समन्वय समितिमा उपलब्ध गराउन पत्राचार गरिने समेत प्रमुख पोर्तेलले बताए । त्यस्तै उपभोक्तावादी संस्था, उद्योग वाणिज्य संघ तथा सरोकारवालाबीच समन्वयको कार्यलाई प्रभावकारी बनाइने समेत निर्णय गरिएको छ ।

फागुन मसान्तभित्रमा झापाका दुई पालिकामा सरोकारवाला समेतको समन्वय र सहकार्यमा विज्ञसहितको उपस्थितिमा नमूना बजार अनुगमन गर्ने समेत निर्णय भएको छ । छलफलमा सहभागी सरोकारवालाले विभिन्न क्षेत्रमा भइरहेको विकृति-विसंगति, उपभोक्ता ठगी लगायतका विषयमा कुरा राखेका थिए ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदनगोपाल सुब्बा, झापा उद्योग संघका अध्यक्ष टीकाराज ढकाल, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, चेम्बर अफ कमर्श झापाका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, राष्ट्रिय वाणिज्य संघका अध्यक्ष सुवास भट्टराई, उपभोक्ता मञ्च नेपालका अध्यक्ष वेदप्रकाश अग्रवाल, उपभोक्ता संरक्षण संस्थाका राजेन्द्र चम्लागाँई, विश्व उपभोक्ता महासंघकी अध्यक्ष सरस्वती चौलागाईं लगायतले छलफलमा आफ्नो धारणा राखेका थिए ।

छलफलको संयोजन संवाद समूह झापाले गरेको थियो । जिसस प्रमुख पोर्तेलले झापामा उपभोक्ताको हित रक्षाका लागि आफ्नो तर्फबाट गर्नुपर्ने कुनै पनि कार्य बाँकी नराख्ने प्रतिबद्धता जनाएका छन् । सरोकारवाला संस्थाका प्रतिनिधिले समेत बजार अनुगमन, उपभोक्ता सचेतना लगायतका कार्यमा सहकार्य र सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

## मुष्टिदानबाट करोड

### गाउँ-गाउँमा ज्येष्ठ नागरिक चौतारो निर्माण, सातवटा बने, १० वटा बन्दै



**बिर्तामोड, माघ १०।** मुष्टिदानबाट एक करोड रुपैयाँ संकलन भयो भन्दा अचम्म लाग्न सक्छ, त्यो पनि एक वर्षभित्रै ।

तर, झापाका ज्येष्ठ नागरिकका लागि एक वर्ष भित्रै एक करोड रुपैयाँ मुष्टिदानबाटै संकलन भएको छ । संकलित रकमले झापाका सात ठाउँमा ज्येष्ठ नागरिक चौतारी निर्माण भएका छन् भने दश स्थानमा अझै आठ वटा ज्येष्ठ नागरिक भवन निर्माण भइरहेको सहारा नेपाल साकोसका ज्येष्ठ नागरिक व्यवस्थापन उपसमितिका संयोजक दिलीप शर्माले बताए ।

शर्माका अनुसार बुधवारेको होक्से, कन्काई नगरपालिकाको लक्ष्मीपुर, घैलाडुब्बा, कालीमुढा, मेचीनगरको बाहुनडाँगीस्थित भृकुटी र बाह्रदशीको चकचकीमा सुविधासम्पन्न ज्येष्ठ नागरिक चौतारी निर्माण भएका छन् । जहाँ त्यस क्षेत्रमा रहेका ज्येष्ठ नागरिकहरु हरेक शनिवार जमघट हुँदै भजन-कीर्तन, नाचगान, संगिनी बालन खेल्दै दौतरीसंग भलाकुसारी र मनोरञ्जन गर्दै दिन बिताउने गरेका छन् ।

सहारा नेपाल सहकारी संस्थाको अगुवाईमा अहिले झापाका दश स्थानमा थप ज्येष्ठ नागरिक भवन निर्माण भइरहेका छन् । कनकाई नगरपालिकाको जामुनवारी, वुद्धशान्तिको ४, ६ र ७ मा त्यस्तै बिर्तामोड नगरपालिकाको ७ र ८ नम्वर वडा, झापा गाउँपालिकाको शरणामतीमा ज्येष्ठ नागरिक भवन निर्माण भइरहेको शर्माले जानकारी दिए ।

भवन निर्माणका लागि सहारा नेपालका शेयर सदस्यले प्रत्येक दिन मुष्टिदान स्वरुप एक रुपैयाँ प्रदान गर्दै आएका छन् । सहकारीमा आवद्ध शेयर सदस्यले ज्येष्ठ नागरिकको सम्मान स्वरुप प्रत्येक दिन एक/एक रुपैयाँ प्रदान गर्ने र वर्षमा ३ सय ६५ रुपैयाँ सहयोग गर्दा एक करोड रुपैयाँ रकम संकलन हुँदोरहेछ त्यही पैसाले झापाका विभिन्न स्थानमा ज्येष्ठ नागरिक चौतरी निर्माण भएको र भइरहेका छन्- शर्माले भने ।

ज्येष्ठ नागरिक चौतारी निर्माणका लागि स्थानीयपालिका र ज्येष्ठ नागरिक संघले समेत सहयोग पुऱ्याउँदै आएको छ भने स्थानीय दाताले समेत सहयोग गर्ने गरेको शर्माले बताए । उनले भने- ज्येष्ठ नागरिकलाई मनोरञ्जन प्रदान गर्न सकियोस् र उनीहरु सँधै खुशी रहुन् भन्दै सहकारीको अवधारणा अनुसार अहिले झापाका विभिन्न ठाउँमा आठवटा भवन निर्माण भइरहेको र थप दुई ठाउँमा पनि ज्येष्ठ नागरिक चौतारी निर्माण गरिनेछ ।

प्रत्येक ज्येष्ठ नागरिक चौतारी निर्माणका लागि सहाराका सदस्यले मुष्टिदान स्वरुप प्रदान गरेको एक एक रुपैयाँ लगानी रहन्छ- शर्माले भने- यो वर्ष पनि कोषमा एक करोड रुपैयाँ रकम संकलन भएको छ हामी दश ठाउँमा भवन बनाउँदैछौं । प्रत्येक चौतारी निर्माणका लागि सहकारीका तर्फबाट दश लाख रुपैयाँ र स्थानीय पालिका तथा सहयोगी दाताबाट आठदेखि दश लाख रुपैयाँ जुटाएर झण्डै २० लाख रुपैयाँमा सुविधासम्पन्न ज्येष्ठ नागरिक चौतारी निर्माण हुन्छ ।

यो वर्ष आठवटा चौतारी निर्माणका लागि काम शुरु भएको र दुई वटा सम्झौताका चरणमा रहेको शर्माको भनाइ छ । शर्माका अनुसार सहकारीले निर्माण गर्ने ज्येष्ठ नागरिक चौतारी ६०x३० फुटका हुन्छन् । टिनको छानो र ट्रसद्वारा चौतारी निर्माण गरिन्छ- शर्माले भने- ज्येष्ठ नागरिक चौतारीमा फ्रि वाईफाईसहित सवै वाजागाजाका सामान हुन्छन् । पुस्तक पढ्नेका लागि पुस्तक पनि राखिएको हुन्छ ।

ज्येष्ठ नागरिकहरुका लागि कतिपय स्थानमा खानपानको समेत व्यवस्था गरिएको हुन्छ । शनिवार विहान १० बजेदेखि नै ज्येष्ठ नागरिकहरु भेला हुन्छन् शर्माले भने- कतिपय ज्येष्ठ नागरिकहरु घरमा एक्लो महशुस गरिरहेका हुन्छन् तर, दौंतारी भेटेपछि खुलेर बोलेको, हाँसेको देख्दा बेग्लै आनन्द हुन्छ । यस अघि वुधवारे, बाह्रदशीको चकचकी र कनकाईको लक्ष्मीपुरमा निर्माण गरिएको ज्येष्ठ नागरिक चौतरीका लागि १०/१० लाख रुपैयाँ सहकारीले सहयोग गरेको छ ।

त्यस्तै कनकाईको घैलाडुब्बा, कालीमुढा, वाहुनडाँगीमा निर्माण भएका ज्येष्ठ नागरिक भवन साढे आठ लाख रुपैयाँ सहकारीले सहयोग गरेको छ । प्रत्येक चौतारी निर्माणका लागि १५ लाख भन्दा बढी रकम खर्च भएको शर्माले बताए ।

'आगो ताप्नु मुढाको, कुरा सुन्नु बूढाको' 'मातृदेवो भवः, पितृदेवो भवः' उपमाले ज्येष्ठ नागरिक लाई सम्बोधन गर्ने पुरानो परिपाटीको ठाउँमा अहिले आएर सुड्डो, थाङ्ने बूढा, गन्गने बूढी जस्ता शब्दले अपमानित गर्न थालिएको छ । यी पंक्तिले ज्येष्ठ नागरिकमाथि कुनै न कुनै हिसाबले दुर्व्यहार हुनेक्रम जारी छ । यो बढ्दो क्रममा पनि छ । विशेषतः ६० वर्षमाथिका उमेर समूहलाई ज्येष्ठ नागरिक मानिन्छ । यिनै ज्येष्ठ नागरिकको सम्मानका लागि सहारा नेपाल सहकारी संस्थाले यस्तो अभियान थालेको हो ।

वर्ग, लिङ्ग, वर्ण, जाति र शारीरिक अवस्थालाई

(बाँकी अन्तिम पृष्ठमा)

## गाई काटेको आरोपमा दुई जना पक्राउ

**सुनसरी, माघ १०।** सुनसरी हरिनगरा गाँउपालिका-२ भुटाहा बस्ने ४५ बर्षीय सदुल अन्सारी र हरिनगरा-४ बस्ने ४२ बर्षीय लुकमान अन्सारी गाई काटेको आरोपमा पक्राउ परेका छन् ।

शुक्रवार बिहान सवा १० बजे सदुल अन्सारीको घरमा गाई काटेको छ भन्ने खबर प्राप्त हुनासाथ

(बाँकी अन्तिम पृष्ठमा)

## ५५ लाखको विकास निर्माण गुणस्तरहीन भएको गुनासो

पार्थ मण्डल



**भद्रपुर, माघ १०।** भद्रपुरमा नगर पूर्वाधार विकासका योजना अन्तर्गतका ५५ लाखे नालासहितको कालोपत्रे सडक विस्तारको काम धमाधम भइरहेको छ । तर, सो योजनाका निर्माण कार्यको गुणस्तरमै प्रश्न चिन्ह उठ्न थालेको पाइएको छ ।

निर्माणस्थलमा तीन नम्बर इँटा प्रयोग गरी नाला बनाउन थालेपछि योजनाको गुणस्तरमा स्थानीयले आवाज उठाउन थालेका हुन् । नगरपालिकाले प्राविधिक टोलीलाई वडा विभाजन गरी निर्माण स्थलमा खटाए पनि प्राविधिकले समेत उपभोक्ता समिति र उपभोक्ताले ठेक्का लगाएको ठेकेदारकै पक्षमा वकालत गर्न थालेपछि सो योजनाको अधिकांश कामहरू गुणस्तरहीन बन्न थालेको हो । प्रस्तावित योजना अनुसार नगरपालिकाले आर्थिक वर्ष २०७६/७७मा ५५ लाखको १६ वटा सडक विस्तार योजनामा जन सहभागिता

(बाँकी अन्तिम पृष्ठमा)

## वन बाटिकामा आगजनी

**झापा, माघ १०।** अर्जुनधारा नगरपालिका-४मा रहेको अम्बर-रुद्र बाटिकामा आगलागी भएको छ । गत वर्ष समेत सो वन बाटिकामा आगलागी भएर लगाइएका बोट विरुवा जलेर नष्ट भएका थिए ।

हरेक वर्ष अज्ञात समूहले सो वन क्षेत्रमा आगजनी गर्ने गरेको बताइएको छ । तिलकजंग खड्का (कल्याण)ले पाँच विगाह क्षेत्रफलमा लगाएको निजी वनलाई क्षति पुऱ्याउने उद्देश्यले आगो लगाएको बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## 'औषधि सेवनबारे नबुझाउँदा भ्रम'

अमित खम्बू

**अर्जुनधारा, माघ १०।** हात्तीपाइले (फाइलेरिया) रोग निवारणका लागि नेपाल सरकारले रोग प्रभावित जिल्लाहरुमा प्रत्येक वर्ष सञ्चालन गर्ने आम औषधि सेवन कार्यक्रमबारे सबैलाई बुझाउन नसक्दा भ्रम सिर्जना भएको एक गोष्ठीका सहभागीहरुले बताएका छन् ।

आगामी माघ २५ गतेदेखि नगरपालिकामा सञ्चालन हुने आम औषधि सेवन कार्यक्रमलाई लक्षित गरी अर्जुनधारा नगर स्वास्थ्य शाखाद्वारा शुक्रबार आयोजित नगरस्तरीय योजना तर्जुमा तथा बहुनिकाय गोष्ठीका अधिकांश सहभागीहरुले यस्तो बताएका हुन् ।

कार्यक्रमका सहभागी प्रमुख प्रशासकीय अधिकृत पंकज भूर्तेलले औषधि सेवनपछि मान्छे मऱ्यो भन्ने खबरका कारण आफू र आफ्नो परिवारलाई औषधि सेवनमा रोक लगाएको स्वीकार्दै सम्बन्धित निकायले बुझाउन नसक्दा आफूले त्यसो गर्नुपरेको बताए । सबै कुरा बुझेपछि गत वर्षदेखि औषधि सेवन गर्न शुरु गरेका उनी भन्छन्- औषधि सेवनबारे हामीले बुझाउन नसकेका कारण सर्वसाधारणमा भ्रम रह्यो, त्यसो हुँदा प्रत्येक वडाको टोल-टोलसम्म पुगेर औषधि सेवनको महत्वबारे बुझाउन जरुरी छ ।

त्यसैगरी अर्का सहभागी लेखा अधिकृत रामचन्द्र घिमिरेले सञ्चारमाध्यमहरुमा हात्तीपाइलेको औषधि सेवनबाट नभई अन्य

(बाँकी अन्तिम पृष्ठमा)

## घुस लिएको अभियोगमा पक्राउ

**झापा, माघ १०।** पुनर्निर्माण प्राधिकरणका कर्मचारी रु. छ हजार घुस लिएको अभियोगमा पक्राउ परेका छन् ।

पुनर्निर्माण प्राधिकरण अन्तर्गत भोजपुर नगरपालिकामा कार्यरत सबइञ्जिनियर प्रकाश तिवारीलाई घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको जनाइएको छ ।

इञ्जिनियर तिवारीलाई शुक्रवार घुससहित भोजपुरको प्रधान होटलबाट

(बाँकी अन्तिम पृष्ठमा)


### हार्दिक निमन्त्रणा

झापा जिल्ला अर्जुनधारा-५, फूलवारीस्थित श्री भानु माध्यमिक विद्यालयका पूर्व विद्यार्थी एवम् शुभचिन्तकको तर्फबाट सोही विद्यालयका आदरणीय सेवानिवृत्त गुरु **श्री ताराप्रसाद सञ्जेल**ज्यूलाई यही माघ १६ गते सरस्वती पूजाको अवसरमा उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सम्मान गर्ने कार्यक्रम तय गरिएकोले निम्न मिति, समय र स्थानमा उपस्थित भइदिनुहुन सम्पूर्ण पूर्व विद्यार्थीहरु, विद्यालय व्यवस्थापन समितिका पूर्व तथा वर्तमान पदाधिकारीज्यूहरु, अभिभावकज्यूहरु, शिक्षक, कर्मचारीज्यूहरुलाई यसै सूचनामार्फत हार्दिक आमन्त्रण गर्दछौं ।

मिति : २०७६ साल माघ १६ गते विहीवार — समय : विहान ११ वजे

स्थान : श्री भानु माध्यमिक विद्यालय, अर्जुनधारा-५को प्राङ्गण

अभियन्ता पूर्व विद्यार्थीहरुः

**टेकनाथ अधिकारी** (९८४२६२८८८९), **गोकर्ण कार्की** (९८५२६७७४४४), **ध्यानवहादुर भारती** (९८४२६२५३०४), **देवराज वुढाथोकी** (९८५२६७३७३५)

नेपालीहरुको लागि भरपर्दो सेवा

### निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।



7th ANNIVERSARY

सातौ बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो. तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

### पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ १० र ११ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

### सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

# २५ जना सुत्केरीलाई उत्प्रेरणा खर्च

**इलाम, माघ १०।** माई नगरपालिका इलामले बर्थिङ्ग सेन्टरमा प्रसूति गराएका आमाहरुका लागि उत्प्रेरणा खर्च प्रदान गरेको छ।

माई नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा भएको कार्यक्रममा २५ जना स्वास्थ्य संस्थामा गर्भावस्था, प्रसूति अवस्था तथा सुत्केरी गराएका महिलाहरुलाई उत्प्रेरणा खर्च प्रदान गरिएको हो। माई नगरपालिकाका मेयर दीपककुमार थेबेले कार्यक्रममा बोल्दै स्वास्थ्य संस्थामा गर्भबती र सुत्केरी महिलाहरुलाई स्वास्थ्य परीक्षणका लागि उत्प्रेरणा र आकर्षित गर्न सुत्केरी उत्प्रेरणा कार्यक्रम ल्याइएको बताए। मेयर थेबेले आमा र बच्चाको अकालमा मृत्यु नहोस् भन्नका लागि माई नगरपालिकाले यो कार्यक्रम ल्याएको बताए।

दानाबारी स्वास्थ्य चौकीमा गर्भवती महिलाहरुका लागि भिडियो एक्स-रेको समेत निःशुल्क सुबिधा रहेको भन्दै स्वास्थ्य संस्थामा नै सुत्केरी गराउनुपर्छ भन्ने स्थानीय सरकारको चाहना रहेको बताए। छोरा र छोरीमा बिभेद गर्नु हुन्न भन्दै थेबेले छोरा हुँदा खुशीयाली मान्ने अनि छोरी हुँदा भ्रुण फाल्ने कार्य गलत तथा कानूनी रुपमा दण्डनीय रहेको बताए। प्रमुख प्रशासकीय अधिकृत दिनानाथ लम्सालको अध्यक्षता तथा मेयर थेबेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा उपमेयर बिष्णुमाया आचार्य र प्रमुख प्रशासकीय अधिकृत लम्सालले नगद ७ हजार आठ सयका दरले सुत्केरी आमाहरुलाई उत्प्रेरणा खर्च प्रदान गरेका थिए।

यस आर्थिक बर्षमा दानाबारी स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टरमा सुरक्षित बच्चा जन्माएका २१ जना आमाहरु र नेपाल सरकारको प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराएका चार जना महिलाहरुलाई यातायात खर्च तथा गर्भवती उत्प्रेरणा खर्च बापत नगद बितरण गरिएको माई नगरपालिका स्वास्थ्य शाखा संयोजक पुष्कर कट्टेलले जानकारी दिए।

माई नगरपालिका स्थानीय सरकारले प्रदान गरेको बर्थिङ्ग सेन्टरमा प्रसूति गराए बापत नगद ५ हजार, नेपाल सरकारबाट प्राप्त सुत्केरी उत्प्रेरणा तथा यातायात खर्च २ हजार, गर्भबस्थामा चार महिना, छ महिना, आठ महिना र नौ महिना स्वास्थ्य परीक्षण गराए बापत आठ सय गरी जम्मा ७ हजार ८ सय प्रदान गरिएको अनमी कमला श्रेष्ठले जानकारी दिइन्।

# टोललाई नगरपालिकाको तालिम

**बिर्तामोड, माघ १०।** विकास निर्माणको कामलाई थप पारदर्शी बनाउन अहिले टोल-टोलमा उपभोक्ता समिति बनेका छन्। हरेक स्थानीय तहले विकास निर्माणका कामलाई थप प्रभावकारी र व्यवस्थित बनाउन टोल विकास समिति गठन गरिरहेका छन्। गठित समितिलाई कानूनी परामर्शका लागि स्थानीय तहले समेत तालिमको व्यवस्था गर्दै आएको छ।

बिर्तामोड नगरपालिकाले पनि अहिले सबै टोल विकास समितिलाई तालिमको व्यवस्था गरेको छ। गठित टोल विकास उपभोक्ता समितिलाई तालिम प्रदान गर्न शुरु गरिएको बिर्तामोड नगरपालिकाका प्रशासन प्रमुख देवराज कार्कीले जानकारी दिए। कार्कीका अनुसार तीन वटा समितिलाई तालिम दिइसकिएको छ। तालिम इञ्जिनियर डिल्ली गौतम, प्रेम दाहाल, योजना अधिकृत जय तिम्सिना, अधिकृत यादव अधिकारी, प्रशासन प्रमुख कार्कीले समेत दिइरहेका छन्।

तालिममा नगरप्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतरा प्रसाई र प्रमुख प्रशासकीय अधिकृत पशुपति खतिवडाले समेत सहभागिता जनाउने गरेका छन्। बिर्तामोडमा १ नम्वर वडामा २६, २ नम्वर वडामा १४ र ३ नम्वर वडामा १३ वटा उपभोक्ता समिति निर्माण भएका छन्।

त्यस्तै ४मा १८, ५मा निर्माण हुन सकेको छैन भने ६मा १८ वटा, ७मा १३ वटा, ८मा ७ वटा, ९मा ९ वटा र १०मा १० वटा टोल विकास उपभोक्ता समिति गठन भएका छन्। तालिममा सहभागीलाई विकास निर्माणका काममा लागत इस्टीमेट, कागजात, समितिको काम कर्तव्य र अधिकार, कामको गुणस्तरका विषयमा जानकारी दिइन्छ।



चियाको चुस्की लिँदै वाँदरः महोत्तरीको गौशालामा आगो ताप्दै चियाको चुस्की लिँदै वाँदर। रासस

## मुष्टिदानबाट ...

मध्यनजर नगरी उमेर समूहको आधारमा ज्येष्ठ नागरिकको दर्जा दिने कानूनी व्यवस्था छ। ज्येष्ठ नागरिक जो दूरदराजमा बस्छन्, उनीहरूको छुट्टै पीडा व्यथा छ। सुगम र शहरमा बस्नेको छुट्टै पीडा छ। धनी, गरीब, शिक्षित, अशिक्षित साङ्ग, अपाङ्ग प्रत्येक ज्येष्ठ नागरिकको कहानी बेग्लै छ। यसरी ज्येष्ठ नागरिकको विविधतालाई उमेर समूहको एउटै टोकरीमा हाल्दा ज्येष्ठ नागरिकका मुद्दा यथोचित रूपमा सम्बोधन हुन गाह्रो हुन्छ। ज्येष्ठ नागरिकको परिभाषा दिने क्रममा उमेर लाई आधार मानिए पनि परिवार, समाज र राष्ट्रलाई पुऱ्याएको योगदानको आधारमा ज्येष्ठ नागरिकका मुद्दा सम्बोधन गर्न सकेको खण्डमा ज्येष्ठ नागरिकले धेरै हदसम्म राहत पाउन सक्नेछन्। तर, यो सव गर्न ज्येष्ठ नागरिकहरु आफैं तयार छैनन्।

नेपालको संविधान २०७२ मौलिक हकअन्तर्गत भाग ३ को धारा ४१मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने उल्लेख छ। त्यही संविधानको मर्मअनुरूप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बनेको छ। वि.सं. २०५१मा तत्कालीन मनमोहन अधिकारीको प्रधानमन्त्री कालमा वृद्ध भत्ता जस्ता कार्यक्रम आए। यसले धरै वृद्धवृद्धाले राहत पाए तर पछिल्ला कालखण्डमा त्यस विषयमा सरकार गम्भीर हुन सकेन। केवल राजनीतिक नारा मात्र बनाउने काम भयो।

राज्यको तर्फबाट गरिएका ज्येष्ठ नागरिक सम्बन्धी कानूनी व्यवस्था राम्रो भए पनि त्यसको कार्यान्वयन पक्ष ज्यादै फितलो छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ले दलित नागरिकको हकमा ६० वर्ष उमेर पूरा गरेका र अन्यका हकमा ७० वर्ष उमेर पूरा गरेका नेपाली नागरिकले मासिक रु. २ हजार पाउने व्यवस्था भए पनि समय सापेक्ष एकरूपता हुन सकेको छैन।

त्यस्तै ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ को धारा ९ उपधारा १, २, ३ र ४ मा यातायात र स्वास्थ्यमा ५० प्रतिशत छुट सुविधा दिने व्यवस्था गरे पनि हालसम्म कार्यान्वयन भएको छैन। उक्त विषयमा सर्वोच्च अदालतले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायात र स्वास्थ्यमा ५० प्रतिशत छुट पाउने कानूनी व्यवस्था अनिवार्य रूपमा कार्यान्वयनका लागि सरकारको नाममा अन्तरिम आदेश जारी गरिसकेको छ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ को धारा १२ को क, ख, ग अनुसार ६५ वर्षदेखि ७० वर्ष उमेरकालाई २५ प्रतिशत कैदमा छुट मिनाहा, ७० वर्षदेखि ७५ वर्षकालाई ५० प्रतिशत कैदमा छुट मिनाहा र ७५ वर्षभन्दा माथिका वृद्ध, वृद्धालाई ७५ प्रतिशत कैद छुट मिनाहा दिन सकिने प्रावधान ऐनमा उल्लेख छ।

कानूनमा ज्येष्ठ नागरिकका हक अधिकार संरक्षित गरिए पनि व्यवहारमा लागू नहुँदा ज्येष्ठ नागरिकका पीडा दिन प्रतिदिन थपिँदो अवस्थामा छ। उनीहरुका पीडा कम गर्न अहिले ज्येष्ठ नागरिकका लागि सहाराले नयाँ काम शुरु गरेपछि झापाका ज्येष्ठ नागरिकहरु उत्साहित बनेका छन्।

ज्येष्ठ नागरिकसंगै स्थानीय जनप्रतिनिधि पनि उत्साहित देखिएका छन्। कनकाई नगरपालिका-९का वडाध्यक्ष प्रेमप्रसाद राजवंशी भन्छन् - यहाँ आउने ज्येष्ठ नागरिकहरु रमाएको देख्दा आनन्द आउँछ। वडा कार्यालय नजिकै ज्येष्ठ नागरिक चौतारी छ, यहाँ हरेक शनिवार ज्येष्ठ नागरिकहरु उत्साहित भएर आउँछन्। बिहान १० बजेदेखि नै यस क्षेत्रमा रहेका ज्येष्ठ नागरिकहरु यहाँ आएर भलाकुसारी गरेको देख्दा जो कोही रमाउँछन्। हप्तामा एकपटक आमा वुवा रमाएको देख्दा पहिला नै हामीले गर्नुपर्ने काम रहेछ जस्तो लाग्छ, तर पनि सहारा नेपाल सहकारी संस्थाले वृद्धवृद्धा आमा बुबाको मर्म बुझेर ज्येष्ठ नागरिक भवन बनाएको छ, यो ज्यादै जनप्रिय काम हो- अध्यक्ष राजवंशीले भने।

सहाराको कामप्रति स्थानीय युवा समेत खुशी देखिएका छन्। कनकाई नगरपालिकाका युवा रुद्र बोहोरा भन्छन्- यो धेरै वृद्धवृद्धाहरुको साझा चौतारी भएको छ। यहाँ आउने ज्येष्ठ नागरिकहरु धेरै नै खुशी भएका छन्। राष्ट्रिय जनता पार्टीका जिल्ला उपाध्यक्ष खड्गनारायण राजवंशीले बूढापाकालाई रमाउने चौतारो निर्माण गरेर यस क्षेत्रमा उदाहरणीय काम भएको बताएका छन्। उनले यसलाई सवैको साझा सम्पत्तिका रुपमा हेर्नुपर्ने र समाजमा रहेका ज्येष्ठ नागरिकलाई अझ रमाउने वतावरण आफैंले सृजना गर्नुपर्ने धारणा राखे।

## ५५ लाखको ...

सहित ८ करोड ८० लाख रुपैयाँको काम शुरु गरिसकेको नगरपालिकाका इन्जिनियर योगेन्द्र रञ्जितकारले जानकारी दिए।

अघिल्लो वर्षहरूको ५५ लाखको नालासहितको सडक विस्तारको काममा नगरपालिकाले इँटा प्रयोग गरेको थिएन। तर, चालू आर्थिक वर्षदेखि नगरपालिकाले इँटा प्रयोगमा ल्याएको छ। नगरपालिकाको इस्टीमेटमा नाला बनाउँदा सोलिङको काममा २ नम्बर इँटा प्रयोगमा ल्याउने उल्लेख गरेको छ। तर, निर्माण स्थलमा २ नम्बर इँटा लगाउनु पर्नेमा उपभोक्ता समिति र उपभोक्ताका ठेकेदारले ३ नम्बरको गुणस्तरहीन इँटा लगाउँदै आएको पाइएको छ। पहिलो चरणको कामकै गुणस्तरमा स्थानीयले आक्रोश समेत व्यक्त गर्न थालेका छन्।

**निर्माणस्थलमा ३ नम्बर इँटा फेला**

भद्रपुर-४स्थित रेडक्रस उपशाखा हुँदै संयुक्त वडा कार्यालय जाने बाटो पश्चिम कल्भर्टसम्मको नालासहितको सडक विस्तारको काम हुँदैछ। सो सडकको निर्माणस्थलमा ३ नम्बर इँटा फेला परेको छ। नगरपालिकाले २ नम्बर इँटा इस्टीमेटमै तोकेको छ, तर निर्माणस्थलमा ३ नम्बर इँटा खसालिएको स्थानीय रूपसिंह राजवंशीले बताए। '३ नम्बर इँटा खसालेपछि गाउँलेले विरोध गऱ्यौं'- उनले भने- 'त्यसपछि उपभोक्ता समितिले इँटा उद्योगमै २ नम्बर इँटा हेरेर आउनुहोस् भनेपछि हामी उद्योगमा पनि पुग्यौं।' उद्योगमा २ नम्बर इँटा अर्को थियो, यहाँ अर्कैछ- उनले भने। पहिलो ट्याक्टर इँटा झारेको बेला नगरपालिकाका सब इञ्जिनियर सुजित कर्ण फिल्डमा आएको स्थानीय अरुण राजवंशीले बताए।

स्थानीयले इँटा ३ नम्बर झारेको भन्दा सब इन्जिनियरले यो नै २ नम्बर इँटा भनेर दावी गरेको स्थानीय मदन बस्नेतले बताए। ३ नम्बर इँटा एक आपसमा ठोक्काउँदा फुट्न थालेको दृश्य समेत स्थानीयले देखाएका थिए। इँटाको गुणस्तरमा आवाज उठाएको स्थानीय दीपक राईले बताए। 'स्थानीयको विरोधपछि अहिले निर्माणस्थलमा राखिएको इँटा फिर्ता गराउने शर्तमा अर्को इँटा झार्न लगाएका छौं'- उनले भने।

यता नगरपालिका इञ्जिनियर योगेन्द्र रञ्जितकारले भने- इँटाको गुणस्तरमा स्थानीयले विरोध गरेपछि हामीले काम रोक्न उपभोक्ता समितिलाई आदेश दिएका छौं। समितिले इँटा फिर्ता गराएपछि मात्र काम सुचारु गराउने उनको भनाइ छ।

त्यस्तै भद्रपुर-७स्थित बोत्तबारीदेखि फूलसिंह राजवंशीको घर जाने बाटोमा पनि नाला बनाउने काम हुँदैछ। त्यहाँ पनि नालामा पुरानो खालको गुणस्तरहीन इँटा प्रयोग गरिएको छ।

निर्माणस्थलमा गुणस्तरहीन इँटा प्रयोग हुँदा पनि सम्बन्धी निकायले चासो नदेखाएको स्थानीय हरदीप राजवंशीले गुनासो गरे। इँटाको विषयमा कुरा राख्दा निर्माण पक्ष आइ लागेको उनले बताए।

**नाम मात्रको उपभोक्ता समिति, काम ठेकेदारलाई**

जन-सहभागितामै पूर्वाधार विकास तर्फका योजनाका कामहरू गुणस्तरयुक्त बन्ने ठहरका साथ नगरपालिकाले हरेक ५५ लाखे योजनाहरू उपभोक्ता समिति गठन गरी सञ्चालनमा ल्याएको छ।

नगरपालिकाले ४४ लाख र जन-सहभागिताबाट ११ लाख गरी ५५ लाखे योजना बनाएको हो। सो योजना उपभोक्ताकै रोहबरमा बन्ने हो। प्राविधिक रेखदेखको जिम्मेवारी नगरपालिकाका इञ्जिनियर र सब इञ्जिनियरको हो। तर, अधिकांश उपभोक्ता समितिले निर्माण कार्यको सम्पूर्ण जिम्मा ठेकेदारलाई बोलाएर दिने गरेको छ। जुन ठेकेदारसँग उपभोक्ता समितिको कुरा मिल्छ, त्यसैलाई नै दिँदा कामको गुणस्तरमा प्रश्न उठ्दैछ। यो विषयवस्तु नगरपालिकाका प्राविधिक पक्षलाई पनि थाह छ। तर, ठेकेदारले प्राविधिकलाई पनि समेटेर लैजाँदा त्यसपछि निर्माणको गुणस्तरको पक्षमा कसले बोल्ने हो ?'- स्थानीय मदन बस्नेतले प्रश्न गरे।

## औषधि ...

रोगका कारण मानिसको मृत्यु भएको भन्ने समाचार कम आएका कारण कार्यक्रम सञ्चालन गर्न समस्या सिर्जना भएको बताए। तल्लो तहसम्म चेतनाको स्तर उकास्न सम्पूर्ण सरोकारवालाहरु आ-आफ्नोतर्फबाट लाग्ने हो भने कार्यक्रम सफल हुने उनले दावी गरे।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरुभन्दा शहर केन्द्रीत मानिसहरुले नै औषधि सेवनमा बेवास्ता गर्ने गरेको र इच्छुकहरुलाई पनि भ्रम सिर्जना गरिदिएका कारण कार्यक्रमले मूर्तरुप नपाउने गरेको अर्जुनधारा स्वास्थ्य चौकीका सिनियर अहेव दुर्गाप्रसाद भट्टराईले बताए।

यता कार्यक्रममा सहभागी नगर सामाजिक विकास समितिका संयोजक दिलीप गुरुङले उक्त कार्यक्रम सफल बनाउनको निमित्त अनिवार्य रुपमा सबै जनप्रतिनिधिलाई वडाका टोलसम्म पुगी औषधि सेवनको कार्यक्रमलाई प्रबर्द्धन गर्न नगर बोर्डबाट निर्णय गराउन आफूले प्रयास गर्ने प्रतिबद्धता जनाए।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित कार्यक्रममा नगर स्वास्थ्य शाखाका संयोजक मुकुन्द बस्नेत र सहसंयोजक दुर्गा चापागाईंले सहजीकरण गरेका थिए।

कार्यक्रममा नगर कार्यपालिका सदस्य रमेश त्रिखत्री, शनिश्चरे प्राथमिक स्वास्थ्य चौकीका मेडिकल अधिकृत डा. सुनिल यादव, सिनियर अहेव डम्बरबल्लभ मिश्र, खुदुनावारी स्वास्थ्य चौकीका सिनियर अहेव लक्ष्मण साह, अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शीलगायतले बोलेका थिए।

हात्तीपाइले रोगबाट प्रभावित विश्वका सबै मुलुकहरुमा सन् २००० देखि नै शुरु भएको उक्त कार्यक्रमको लक्ष्य सन् २०२० भित्र विश्वबाट हात्तीपाइले निवारण गर्ने रहेको छ।

## वन ...

निजी वन सरोकारवाला महासंघका महासचिव समेत रहेका खड्काको जीउ धनकै जोखिम हुने गरी गरिएको आगजनी प्रति निजी वन सञ्जाल झापाले निन्दा र भर्त्सना गरेको छ। बिहीबार साँझ करिब साढे ६ बजेको समयमा वनवाटिकालाई क्षति पुऱ्याउने गरी लागो लगाइएको हो।

सञ्जालका अध्यक्ष दुर्गाप्रसाद प्रसाई र सचिव मोहन सुवेदीले पटक-पटक खड्काको निजी वनमा आगजनी गर्नु निन्दनीय कार्य भएको भन्दै जीउ धनको सुरक्षाको प्रत्यभूति हुने गरी दोषीलाई पक्राउ र कानूनी कारबाहीको माग गरेका छन्।

उनीहरुले एक विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष छानविन गर्दै क्षतिपूर्तिको समेत माग गरेका छन्। यता बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव प्रशान्त भण्डारी, वाटिकाका सल्लाहकार गजेन्द्र पौडेलले समेत घटनाको निन्दा गर्दै दोषीलाई तत्काल कानूनी कारबाही गर्न माग गरेका छन्।

## घुस लिएको ...

पक्राउ गरेको बताइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीबाट खटिएको डीएसपी श्याम सारु मगर नेतृत्वको टोलीले त्यही होटलबाट उनीहरुलाई पक्राउ गरेको हो।

## गाई काटेको...

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी टोली खटी गई उनको घरमा बुझ्दा गाईको टाउको, खुकुरी र अचानोसहित दुबै जनालाई नियन्त्रणमा लिइएको उक्त कार्यालयले जनाएको छ।


**कर्मचारी तु-आवश्यकता**

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।

तलबः ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुग्ने) समयः ९:३० सम्म लाग्ने

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**हार्दिक निमन्त्रणा**

यही सन् २०२० जनवरी २६ तद्नुसार २०७६।१०।१२ गतेका दिन भारत गणतन्त्र दिवसको अवसर पारी भारतीय गोर्खा भूतपूर्व सैनिक संघ झापा, बिर्तामोडले शुभकामना आदानप्रदान गर्ने कार्यक्रम रहेको हुँदा तपाई र तपाईका भूपू र सेवारत् सैनिक तथा परिवारहरुसहितलाई जानकारी गराइ उपस्थित भइदिनुहुनको लागि हार्दिक निमन्त्रणा गर्दछौं।

मितिः २०२० जनवरी २६ भारत गणतन्त्र दिवस (२०७६ माघ १२ गते आइतवार)

स्थानः नयाँ बसपार्क, संघको कार्यालय समयः विहान १०:०० बजे

नोटः ड्रेस फर्मल प्रकारको

विष्णुप्रसाद योङ्हाङः सचिव डिके गुरुङः अध्यक्ष

भारतीय गोर्खा भूतपूर्व सैनिक संघ,

बिर्तामोड, झापा ९८४२६२५४८७, ९८१४९८२०८०

**घरजग्गा बिक्रीमा**

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर विक्रीमा छ।

किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बरः ९८४४६४२०९५, ९८१७९९०२९९

**अब दैनिक भिडियो एक्स-रे सेवा**

हाम्रा अन्य दैनिक सेवाहरुः

ओपीडी सेवा | डिजिटल एक्स-रे सेवा

प्याथोलोजी (Lab) सेवा | फार्मेसी सेवा

अर्जुनधारा डाइग्नोनिष्टक सेन्टर

अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)

सम्पर्कः ०२३-४६५०९७, मो. ९८४२६२३३७३, ९८०६०६२०१०

**FAMILY CLINIC**

Dr. Kavita Mantry

INFERTILITY SPECIALIST

(Gold Medalist)

MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB

निःसन्तान दम्पतिको लागि राम्रो खबर छ

आल्ट्रा माँडर्न टेस्ट ट्यूब बेबी केन्द्र



.आई.भी.एफ. - IVF

इक.सी. - ICS

आई.यू.आई. - IUI

सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राख्ने।

METROHEIGHT, 3RD FLOOR, DON BOSCO MORE, SEVOKE ROAD, SILIGURI-734001

PH. 0353-2545544, MOB. 9800983790, QUERY: 8372801570, WWW.FAMILYCLINICSILIGURI.COM

माँ हनुर को सपना अब सफल हुनछ।

**कर्मचारी आवश्यकता**

हाम्रो यस हरिओम (UPVC) उद्योगमा बजार प्रतिनिधिको आवश्यकता परेकाले निम्न योग्यता भएका इच्छुकले सम्पर्क गर्नुहोला।

योग्यता :

- न्यूनतम् +२ पास - मोटरसाइकलको लाइसेन्स भएको
- मानिससँग अन्तरक्रिया गर्न सक्ने क्षमता भएको

नोटः अनुभवीलाई प्राथमिकता दिइनेछ। सम्पर्क मितिः २०७६।१०।१८ गतेसम्म

सम्पर्क नं. 023-542461, 9842717153, 9842698514, 9852672863) Email :hariomudhyog@gmail.com

**Wanted**

A Reputed English Medium School is looking for a **Computer Teacher** for lower secondary Level.

*Qualified and interested candidates can apply for the post.*

*For Further details Contact:*

Little Angel's English School

Bitamode-5, Jhapa

Phone No: 023-543995, 9844695652

**कपडा पसल विक्रीमा**

बिर्तामोडको मुटुमा रहेको हनुमान कम्प्लेक्सको दोस्रो तलामा चालू अवस्थामा रहेको लेडिज फेन्सी कपडा पसल तु-विक्रीमा छ।

सम्पर्कः ९८०१०६५०१३,

**बिक्रीमा**

झापा बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिडस्थित ब्लड बैंक नजिकै १३ धुर कमर्सियल जग्गामा बनेको एक तल्ले नयाँ र आकर्षक घर तु-बिक्रीमा छ। इच्छुक महानुभावहरुले सिधा सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बरः ९८४१८७१५७९, ९८१४९८४४४०

**LECTURER REQUIRED**

Providence College of Management Birtamode-1, Jhapa requires an experienced candidate with Post graduate degree to teach business statistics in BBS 1st Year. Candidates can apply to the college office with their CV and credentials.

*For further information contact*

Providence College of Management


Birtamode-1, Jhapa, 9804952506

Email: balmiki.edu@gmail.com

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता/गजल

## म के गरूँ ?



विष्णुप्रसाद शर्मा पराजुली

मेरा बा'का पालाका, पाका जुरे हल गोरू
मेरो थुम्काको (पर्वत) ठूलो पाटोको
बाँझो जोत्न नसक्ने भए ।
थोरै पराल, एक अँगालो कुट्मिरो
एक ताउलो तातो कुँडो ख्वाएर
रोपाइँको हिलो सम्याउन मात्र जोत्न थालेको छु ।

'मुस्ताङमा ट्याक्टर लगे,
तैले पनि ट्याक्टर किन् न, ठूले !'
मास्थिर जेठाबाले भन्नुभो ।
मैले अन्तर-कुन्तर सोचैँ, धेरै गमैँ ।
मेरो बारीमा पेट्रोल पुग्दैन,
मेरो दुई थोपा पसिनाले ट्याक्टर चल्दैन
खेतालालाई पानी अड्कलेर दिनुपर्छ,
लिम्पियाधुरा र सुस्ता हजुरबाका पालादेखि बाँझै छ ।

अस्ति भर्खर मात्र हो, मैले हजुरबालाई
तुलसीको मठमा सारेपछि
तुलसीको एक थुर्मी पानी घुटुक्क निल्दै भन्नु भा'थ्यो
कागबेनीमा गएर तर्पण दिँदा
लिपुलेक, लिम्पियाधुरा, कालापानी, सुस्ता
नेपालखण्डे, नेपाल महात्मे भन्दै
लिपुलेकको जौ र सुस्ताको अक्षताले तर्पण दिनु म तृप्त हुनेछु ।

त्यसैले मैले-
हुम्लाको यालबाङ लेकमा याकसँगै चर्न,
भारी बोक्न र जोत्न सक्ने
सिवालिक, महाभारत श्रृंखलाका टारको बाँझो जोत्न सक्ने
तराईमा जोत्दै गाडा पनि तान्न सक्ने
एक हल बहर ल्याएँ,
कोदोको पिठो घिउमा मुछेर ख्वाएँ, पालैँ, हुर्काएँ
बलराम जस्तै बलिया बनाएँ र जोत्न थालैँ ।
अर्म-पर्म पाइन्छ भनेर गाउँलेले भरोसाको दियो बाले
मैले, सैपाल र कञ्चनजंगाले झैँ शीर उँचो पारैँ ।

मानिसलाई झैँ, वर्षमा एकदिन
थप, चोखो-मिठो खान दिएर, माघीको मौका पारेर
काँधको जुवा फुकालेर, जुवाले रगडेको काँधको छालामा
चितवनको तोरीको तेल र सल्यानको बेसार दलेर
मेरा हल गोरूलाई स्पेनमा झैँ जुध्न छुट्टि नै दिएँ ।

औंधी रमाए पनि
अरूलाई हँसाए पनि
ताली सबैको पाए पनि ।

तर, बिडम्बना !
मैले कसलाई सोधुँ ? कसलाई मनको बह पोखुँ ?
आजकल ती मेरा हलगोरू
जस्लाई मैले कुँडो दिदा मेरा पाखुरा र गाला चाट्थे
आज मलाई देख्दा- आँखा तरेर, मेरो छाती छेड्ने गरी
डरलाग्दो आवाज निकाल्दै, सिङ छड्कार्न थालेका छन् ।
टाट्नाको घाँस र कुँडो खाँदा पनि जुध्छन्
जोत्न लिएर हिंड्दा सानो चौर देखे कि जुधिहाल्छन्
कहिलेकाही त मुलबाटोमा-
पानी-पँधेरो, घाँस-दाउरा, पाठशाला-अस्पताल जाने
बाटो बन्द गरेर दिनभर-दिनभर जुध्छन्
छुट्याउन खोज्छु, उल्टै मलाई नै सिङले उधिन्न खोज्छन्
अनि, मुश्किलले साँझ मात्र टाट्नामा फर्कन्छन् ।

यिनले, मेरो भरोसाको मुटुलाई त घाइते पारी सके
सिङ्गो गाउँलाई नै -
चौबाटोमा डुक्रँदै, माघे संक्रान्तिमा मात्र होइन
औँशी-पूर्णिमा जुन तिथिमा पनि दिनभर-दिनभर
जुधेर बन्धक बनाए ।

मलाई हेर्नु न !
हजुरबाको इच्छा पूरा गर्नु नै छ,
लिपुलेकदेखि सुस्ताको बाँझो जोत्नु नै छ
सुस्ताको अक्षता र लिपुलेकको जौ लिएर
लिपुलेक, लिम्पियाधुरा, कालापानी, सुस्ता
नेपालखण्डे, नेपाल महात्मे भन्दै
कागबेनीमा गएर पितृ तर्पण दिनु नै छ ।

हजुरबा हुनुहुन्न,
अब तँपाई नै भुन्नुस् न
म के गरूँ ?

## मुक्तक

वंश चलाउने छोरा जन्माउँछिन् नारी
अंश पाउने छोरा जन्माउँछिन् नारी
अधिकार त परै भयो जात, धर्म हुन्न रे नारीको !
तैपनि पितृ तार्ने छोरा जन्माउँछिन् नारी।

– अञ्जु शर्मा

# इइइइस् नाप्यौ ! जसको सिङ छैन उसकै नाम तिखे ?



हाँस्य-व्यंग्य

व्यंग्यनारान पाँडे

म लोकल एफएम खोलेर त्यस बिहानको छाकमा सुनिदिने गरेको विज्ञापनका परिकारहरुभित्र बेला-बेला पाठ हुने समाचार समेत सुन्दै घाम तापिरहेको थिएँ, गौंथलीको बाऊलाई आँगनमा आइपुगेर धर्खराउँदै आफूतिर लम्किरहेको देखें । उनले सिँढी टेक्तैदेखि आदेश फर्माइरहेका थिए– "स्टाट बन् गर तो रेडियाका ठाँडाको । मआको देखेसि तो क्यार्क्यारे ठाँडो के बजाइराख्या एक्काबेहानै ? म ठूलो कि तो बाजा चइँ ठूलो ?"

उनको बोली, बोलीको धक्कु स्वरुप र शरीरको लर्बरे चालामालाहरुले नै उनी आज बिहानै कैलु भट्टी पुगिवरि शरीरका सबै अंग मस्त मौलाउन पर्याप्त हुने जङ्गबहादुरे जल पेटभरि सिंचाइ गरेर आएका छन् भन्ने प्रस्ट बुझिन्थ्यो ।

मैले रेडियो प्याट्ट निभाएँ ।

उनी धडाधड मेरो अगाडिको आएर धर्खरिंदै बसे र लगत्तै भने– "के एत्रो खान मेरा मुखाँ लाट्टाले पापा देख्या झैं हेर्छौं, कैलै देखेख्या जस्तो ? जस्को हुकुम चल्छ तइ ठूलो हो कि होइन ? हो भने हो भन सट्कट्मा, होइन भने होनै भन ।"

मैले, मनमनमा 'आज यिनले कतिबेरसम्मबोर गर्ने हुन् कुन्नि !' भन्ठान्दै, भनें– "कसले कहाँ कुन ठूलोलाई ठूलो भनेन भन्ने मलाई थाहै भएन त ।"

उनले दुबै चोर औंलाले मेरो अनुहार घोचुँला झैं गर्दै भने– "एक्काबेहानैभरि चाइनेकेरे कुक्कुरहर्‌ले आच्चीको नस्ता नखाँदैदेखुन् एफेम र सेफेमबड बिग्यापन टेसिलो पार्न चाइनेकेरे रोटी फुलाउन पीठोमा छ्यास्स सोडाको दाउन हाल्या जस्तो एक नाङ्लो बिग्यापनमा छ्यासुछुस समचारको न्यूच मिस्कट गेरेर चाइनेकेरे बज्ने यो बाजा सुन्ने कुलतको दुर्भेसन लाग्या तपइँ खाँटी इन्पोरट्यान कुरा सुन्ने इन्टेस कैले पो राक्छौ र था पाउँथ्यौ त !...भइगो लु, बुद्नलाई था पाउन अब सिरेसली भऊ र सुन मेरा कुरा । कि सुन्दौन ? सुन्दौन भने म पनि भन्दिन नि-एत्रैसिति !...सुन्ने कि नसुन्ने :"

मैले हाँसो दबाउँदै भनें– "सुन्छु । किन नसुन्नु ?"

उनले शेरबहादुर स्टाइलले एकपल्ट जिब्रो ओठमा नचाएपछि भने– "जस्को हुकुम चल्छ उइ ठूलो । एल्लाई पुर्‌पच्छेमा लेराउनभन्दा पैली एउडा हिस्टोरी नलेराई हुँदैन । कि नलेराउँ तो हिस्टोरी ? नसुन्ने भा लेराउँदिन नि, कस्को रीन खा छु र मैले ?"

मैले भनें– "सुन्ने नि । हिस्ट्री त किन नसुन्नु ?"

उनले खलपत्रे थोत्रा दाँत देखाएर अनुहार उज्यालो पार्दै भने– "अनित्याँड उइले हामेरले हामेरको पाहाडमा पनि अनेत्र बौदल लागेकै दिन, उसै दिन-उसै ट्याममा, बौदल लेराका थिम् । तर, मेरा अःतः साथीहर्‌ले तेसै दिनदेखुन् मलाई एउडा फुट्या आँखाले पनि देखिसएनन् तेस्सिमालानेहर्‌ले ! पानीखेदो नै गर्न थाले । तेस गाम्को गाम् पञ्चेतीमा दिब्बे चौद बर्खदेखुन् एक्कै मिलिट नबिसाई गाम्फर्के पिउर राजभक्त उपपर्दानपञ्च गर्दै चाइनेकेरे काङरेस र बामेका अःतःहर्‌लाई छुल्छुल पारेर सलामी खाँदै रजगज गरिराख्या मलाई सो-उक्त पाओरबड गोटाउन खेलाए, गाम्का बाटामा खुट्टै टेक्न देनन् ।....सुन्दैछौ तपइँ ? मलाई के टेक्न देनन् अरे ?"

मैले भनें– "खुट्टै टेक्न ।"

उनी भन्दै गए– "अनित्याँड, म के टेर्थें ? मेरो पालो 'लु खा त' भन्दै छाती खोलेर एकाराती नै कसैं कुम्लो-कुटुरो र सिरमती, ठूली छोरी गउँथली, माइली भँगेरी..ती क्या त, अैले बम्बैमा म्यामसापनी गर्दै बसिराखेकी माधुरी ? तो उसबेलाकी भँगेरी, अनि ठूलो छोरो पद्मे...एति चार थान न थे उसबेला मैले मैनटेन गर्नुपर्ने । पछि जन्मेका अरु तिन्टामद्दे पद्मेमुनिकी अैले बइजन्ती नाम भकी साइली जन्मिने गर्भ पनि बस्या थेन तेसबेला ।....बइजन्ती अैले डिल्लीतिर उस्कै बिज्नेसमा मस्त छे ।....र ती चार थान लालाबाला च्यापेर झरें म मदेस अनि एइ झापाको घइलाडुब्बा बारघरेमा डोको बिसाएँ जंगलको छेउमा ओइलानी माटोमा । तेसबेला मैले त्याहीँको एउडा मिलवाला दाहालका घरमा अैलेका ामोस् पाओरफुल मौसुप सर्खारलाई चिन्या हूँ । तर, तेस ट्याममा ह्वाँको नाम र काम आर्कै-आर्कै थ्यो भन्ने मेरो मेम्रीको सम्जनामा छ ।....आज हज्जारउँ मैनापछि मेरी माइली छोरी भँगेरीको नाम च्यान्ज भ'र माधुरी भ'को कुरोमा म भाउक हुँदा तीमउसुप सर्खारज्यूका ती दिनको सम्जना पनि मेरो खप्परभित्रको किड्नीमा हररर आको हो । नाम र काम च्यान्ज हुनुको कत्रो मत्तो आहा !"....

उनी भन्दै गए– "थुइया ! आज तिनै मौसुप सर्खारज्यू होल टोट्टल देशकै ठूला भइराख्या ट्याममा पनि याइँकै अक्बारमा तित्रा भन्ने मनुख्खे र उसका निजै माइलाऊले अरु-अन्ने स्यानास्यानालाई ठूलो भन्ने छपा'र स्यानो ट्यान्सिनमा पारेन् मलाई । हेर्नु त डाइरेक अन्करेक् झुट्टा कुरा गर्‌या उनले ! बसगाडी चढ्दा डाइबरलाई ठूलो मान्ने के कारन छ ? खलाँसीले सुइइअ सुइपेला पार्नासाथ घ्याच्च रोक्न बाद्दे हुने र गाडीको भित्तोमा ढ्याक्ढ्याक् पार्नासाथ हिँडाउन बाद्दे हुने डाइबर कसरी ठूलो ? खलाँसीको एक सुइपेला र दुई ढ्याप्-ढ्याप नै डाइबरका लागि सफिसेन हुकुम ठर्छ भने खलाँसी ठूलो हो कि होइन ? सर्खारी आपिसमा हाकिम ठूलो भन्छन्, हेर न नर्के बुद्दि ! भरेभन्दा फाँटे खर्दारले आपिस बाइर स्याउँस्याउँती पालेका जुठे एजेन र दलालहर्‌ले सेटिङ मिला'र लेराउने गाहाकीका निबेधनको कागतमा सेटिङ अन्सार फाँटेले उठाउने टिप्पनमा आँखा चिम्लेर लुरुक्क सइछाप गर्न बाद्दे हुन्छन् भन्ने जानी-जानी हाकिम कसरी ठूलो ? कुनै हाकिमले हुँदैन भनो भने तो फाँटे खर्दार कुन पाटीको म्याम्बर हो सो पाटीका नेताहेरु भोलिपल्टै घेर्न सवारी भइहाल्छन् । लु हेर्नु त हाकिमहर्‌को भुर्नहत्ते !....मेरा कुरा अन्डरस्टेन गर्दैछौ नि तपइँ कि बुद्दे छैनौ ? कि म सँसृत, हिन्दी, अँग्रेजीमा टक् गर्न थालुम् हँ ? मलाई जापानी, चाइँनी, उर्धु जुनसुकै भासामा बोल्न आइहाल्छ मनग्गे । तपइँ नै बुद्दौन र पो ? कि तेसो गरुम् ?"...

मैले भनें– "होइन, म बुझ्दैछु भाषा चाहिँ । तर, दाइले फाँटे खर्दार चाहिँ कसलाई भन्या भन्ने अलिक बुझिन । फाँटबाला खर्दार भन्या हो ?"

उनले जर्रो बोलीमा भने– "हो तअनि । अरु के हुन्थ्यो त ?"

मैले कुरो बिरोल्ने सोचेर सोधें– "अनि ती खर्दारले अफिस बाहिर पालेका जुठे एजेन्ट र दलालहरुले सेटिङ मिलाएर ल्याउने ग्राहक भन्या चाहिँ को हुन् ? अफिसभित्र पनि व्यापार....?"

मेरो प्रश्न पूरा नहुँदै उनले मलाई खिस्ट्र्याउँदै भने– "थुइया तपइँको बुद्दि त शेर्बादुरमा भए जति पनि छैन रछ । हन अैले देशमा लोतन्त्रको गनतन्त्र लाग्या छ र तो लोतान्त्रिक गनतन्त्रमाथि हामेरको बौमतको सर्खार घोडा चढ्या छ भन्ने हेक्का पनि छैन रछ ति तपइँको किड्नीमा ? लोतान्त्रिक गनतन्त्र भन्या ठूला-स्याना गउँडामा पुग्ने भाग्गेमानीले आफूआफ्ना हैसेत अन्सार आर्‌थिक मजगुत बनाउने खेला हो भन्ने पनि था रैनछ इ लाटालाई ! एता सुन– तपइँले अपिसहर्‌मा मान्छे किन जान्छन् भन्ने बुजेका छौ ? ती त्याँ गाहाकी गर्न गका हुन् । जेसुकै किन्दा पनि जिनिस अन्सार दाम तिर्नुपर्छ-पर्दैन ? ती अपिस-अपिसमा ग'र भीड लाग्नेहेरु आफूआफ्ना बेबारिक समस्से, अनिया-अत्तेचार, सोसन-दम्मन, लुटाइ-ठगाइ, मिचाइ-हेपाइ, हडप-झडप इत्तेदिबड निकास पाउन गका हुन्छन् । उइलेको खुइलेका कुरा जस्तो खाली हातले निबेधन खाप्नेलाई उस्को समस्सेको निकास दिन थालो भने के पाटी धान्नु, पाटीले ओडादेखुन् सिम्मदर्बारसम्मका सात सहे एक्साठी सर्खारका बगुन्द्रलाई केले पाल्नु, तिनलाई लोतान्त्रिक गनतन्त्रे गाडी-घोडा र राजसी खाइन्-पाइन् कसरी जुटाउनु, तिन्लाई छाकैपिच्छे मट्टन-बोइलारको खान्की खाने बेबस्ता कसरी मिलाउनु भन्ने हामेरलाई डिफिकल पर्दैन त अनि ? मुखबड खाको रक्सी जीउका सपै अंगमा लागे जस्तै अपिस-अपिसमा मान्छेहेरु गाहाकी बनिकन उन्का समस्सेको निकास किन्दाहुँदी तिरेका दाम देशका सप्पै अंगमा औटोम्याटिक पुग्ने ट्याउटिस् गेरेर त हामेरु सविर्द नेपाल सुखी नेपाली गरिराख्या छम् नि । तेसैकारण मैले अड्डा-अपिसभरि भीड लाग्नेहर्‌लाई सट्कट्मा गाहाकी भन्या थैं, तपइँले केरी-केरी मेरो बइन् गरायौ । तपइँ सर्खारका सिआटे होउ कि किन एसरी मेरो मुख खोलायौ ? कि तपइँ तित्रा र माइलाऊका पच्छेका होउ कि राजाबादीका र काङरेसका अःतः होउ हँ ? तपइँसँग आँट छ भने पस्ट भन र बरु सिङ जोरेर याहीँ जुदौं । दुइमा एक– कि तपइँ छैनौ किम छुइनँ ! तपइँका तित्रा र माइलाउ बोला'र मलाई धुलाइमा पारे नि पार । के ठान्छौ मलाई र पाकेटमारलाई चौकीका हल्दारले सुम्ला बसाउँदै-काबु खेलाउँदै बइन् लिया झैं गर्छौ ? म अैलेको हामेरको राज्जे चलेका बेलाको कम्रेट हूँ भन्ने था छैन र सिङ जोर्न खोज्या हो ? साँच्चै सिङ जोर्नै खोज्या हो भने म रेड्डी छु । होइन भने..."

उनले पिएको जङ्गे जल फेरि दिमागमा ताते जस्तो गरी उनले एक्कासी हकार्न थालेपछि मेरो पनि कन्पारो तात्नु स्वाभाविक थियो । र, म जुरुक्क उठें अनि उनको नाक सोतारिने गरी लोपार्दै भनें– "इइइस् खुत्यायौ ! जसको सिङ छैन उसकै नाम तिखे ? जसको शरीरमा एक ताप्के रगत छैन उही साँढे हुने ? करङको माया छ कि छैन ?"...

र, फटाफट घरभित्र पसेर ढोकाको चुक्कुल लाउँदै भित्रभित्रै पछाडिको ढोकाबाट आरामसंग मुक्त भएँ । फोहोर किन कोट्याइरहने, होइन्त ?....

(चिनिया मिथक कथा)

# 'च्याङ्ग त्जू-या' एक शक्तिशाली देवता



भूवन तामाङ

'चीनमा यो विश्वास गरिन्छ कि 'च्याङ्ग त्जू-या' ती सबैको धेरै आदरसम्मान गर्दछन् । जसले आफ्ना माता पिताको हेरचाह, स्याहार, उपचार र आदर सम्मानका लागि पूर्ण कर्तव्य पालना गर्दछन् ।'

चीनमा 'च्याङ्ग त्जू-या'लाई चिनिया मिथक कथाको लोकप्रिय 'देव सेनापति'को रुपमा मानिन्छ । किनकि च्याङ्ग त्जू-याले निरंकुश शासक 'चाऊ वाङ्ग' र उसका वंशको शासन समाप्त गर्न युद्ध गरेका थिए । चाऊ वाङ्गविरुद्धको युद्ध ईसा पूर्व ११२२ मा भएको थियो । युद्धका क्रममा चाऊ वाङ्ग आगोको ज्वालामा डढेर मरेका थिए । यो विश्वास गरिन्छ कि च्याङ्ग त्जू-या कहिले पनि गलत या कुमार्गमा लाग्दैन थिए किनकि उनलाई दैवी मार्गदर्शन प्राप्त हुने गर्दथ्यो । उनी परम ईश्वर भक्त थिए । उनमा यस्तो शक्ति या कला थियो कि यदि कोही मनुष्यको शीर काटिएर शरीरबाट छुट्टिए पनि पुनः शीर जोडिदिएर जीवित पारिदिन सक्दथे । तर, शीर जोड्ने काम पौने दुईघण्टाको समयभित्र हुनुपर्दथ्यो । नत्र मनुष्य जीवित रहन सक्दैन थियो ।

च्याङ्ग त्जू-या यति शक्तिशाली थिएकी उन्ले मेघ, चट्याङ्ग अर्थात् बज्रपातको देवता 'वेन चुङ्ग'लाई पनि पराजित गरेका थिए । यस जीतका लागि उनलाई अमर आत्माहरुले सघाएका थिए । च्याङ्ग त्जू-या स्वयम् नै जादुटोनाको ज्ञाता थिए । उनी कसैको घाँसको प्रतिरुप बनाएर त्यसमा धुपधुवाँर गरेर मन्त्र जपेर जलाउँथे । त्यसो गर्दा जसको प्रतिरुप हो उसको मृत्य हुन पुग्दथ्यो । उनी मृत आत्माहरुलाई फेरि जीवित पारिदिन पनि सक्दथे, तर अन्यायपूर्ण तरीकाले मारिएकाहरुलाई मात्र उनी जीवित बनाउँदथे । उनले 'चाओ कुङ्गमिङ्ग'लाई त्यसैगरी मारेका थिए र पछि ब्यूँताएका पनि थिए र सम्पत्ति तथा समृद्धि मन्त्रालयको अध्यक्ष बनाएका थिए ।

'चाओ कुङ्गमिङ्ग'लाई आजपर्यन्त पनि चीनमा समृद्धिको देवताको रुपमा उपसना गरिन्छ । चीनमा यो विश्वास गरिन्छ कि चाओ कुङ्गमिङ्ग देवताबाट जसलाई कृपा हुन्छ उसको घरमा धनको बृक्ष उम्रन्छ र बृक्षको हाँगा हल्लाएमा धन बर्सन्छ । देवताको साथमा सुन र चाँदीले भरिएको एउटा सन्दुक हुन्छ र त्यो कहिले पनि खाली हुँदैन । चिनिया विश्वास अनुसार, 'देवलोक'मा च्याङ्ग त्जू-यालाई 'प्रधानमन्त्री' बनाइएको थियो । उनले आफ्ना अनुयायीहरुका लागि अन्तरिक्षमा अट्ठाईस तारामण्डल बनाएका थिए र अनुयायीहरुलाई त्यहाँ बसाएका थिए । उनले सम्राट 'चाउकी' महारानी 'च्याङ्ग'को कोखबाट जन्म भएका 'यिन चियाओ'को पनि राम्रोसँग रेखदेख गरेका थिए र देवताको पद दिलाएका थिए ।

च्याङ्ग त्जू-या प्रसन्न थिए किनकि 'शेन चेन जेन'ले उनलाई गल्लीबाट उठाएर पालनपोषण गरेर जवान बनाएका थिए । च्याङ्ग त्जू-या यस कारण पनि प्रसन्न थिएकी 'यिन चियाओ'ले च्याङ्ग त्जू-याकी आमाको हत्यारालाई हत्या गरी बदला लिएका थिए । चीनमा यो विश्वास गरिन्छ कि च्याङ्ग त्जू-या ती सबैको धेरै आदरसम्मान गर्दछन् जसले आफ्ना माता पिताको हेरचाह, स्याहार, उपचार र आदर सम्मानका लागि कर्तव्यका पालना गर्दछन् । चीनमा चिनियाहरु वर्तमानमा पनि 'च्याङ्ग त्जू-या'लाई देवताहरुमध्ये एक शक्तिशाली र सम्मानित देवता मान्दछन् । *(पुस्तकहरु अध्ययनबाट)*

लघु कथा

# बालअधिकार



विष्णु निरौला आचार्य

विद्यालयमा पढाई धमाधम चल्दै थियो । घण्टी लाग्नासाथ कक्षा शिक्षक आफ्नो कक्षामा गएर विद्यार्थीको हाजिर बोलाउन लाग्नुभो । घरबाट टाढाको विद्यालय र गर्मीको मौसम भएकोले बाटोमा पर्ने खोलामा पौडी खेल्न थालेर विद्यालय आउन



ढिला भएकाले त्यस दिन अब्दुल र नसिमा अनुपस्थित थिए । कक्षा शिक्षकले हेडसरलाई विद्यार्थी अनुपस्थित रहेको जानकारी गराउनुभो । हेडसरले कक्षामा गएर उपस्थित विद्यार्थीहरुको समेत सातो जानेगरी अनुपस्थित हुनेलाई कडाभन्दा कडा कारबाही गर्ने चेतावनी दिनुभो ।

समय बित्दै गयो । यता गाउँघरमा गहुँ पाकेकाले किसानहरू खेत-खेतमा गहुँ काट्न व्यस्त थिए । त्यसैबेला कहिल्यै गाउँमा नआउने हेडसर सरासर अब्दुल र नसिमाको घरमा आइपुग्नुभो । यहाँ अचम्म मान्नुपर्ने कुरा के छ भने उहाँ त्यो घरमा कक्षा ५ मा पढ्दै गरेका ती साना नानीबाबुलाई पैसाको लोभ देखाएर गहुँ काट्ने खेताला बोलाउन आउनुभाकोथ्यो । घरका अभिभावकले विद्यालय नगए कारबाही हुने रे भनेर सुनाए । यो सुनेर हेडसरले दुई-चार दिन विद्यालय नगए केही नहुने कुरा गर्दै थप्नुभो, म हेडसर हुँ अरुले केही गर्ने अधिकार छैन ।

गरीब परिवारका हुनाले अभिभावकले छोराछोरीलाई दुई-चार पैसा आउने लोभले गहुँ काट्न हेडसरकोमा पठाए । यता कक्षा शिक्षकले दिनहुँ अनुपस्थित हुने गरेका अब्दुल र नसिमाका बारेमा हेडसर सँग कुरा राख्नुभो । हेडसरले भन्नुभो...आ...सर..साना नानीबाबुहरु दुई-चार दिन अनुपस्थित हुँदैमा केही हुन्न के, पछि हाजिर मिलाइ दिएर परीक्षामा पास बनाइदिए भै गो नि ! तपाईंलाई के को टाउको दुखाइ ? कक्षामा 'बालअधिकार' पाठ पढाएर बालबालिकाको हक अधिकारका बारेमा हामी सबैले आवाज उठाउनुपर्छ भनी कुर्लने हेडसरले आफ्नो खेतको गहुँ काटी नसकुञ्जेल बालश्रम शोषण गर्नुहुँदैन भन्ने कुरा बिर्सेको देख्दा अचम्म लाग्यो ।

# कात्रोभित्र बेरिएको चटपटे



विपीन संग्रौला

मेरो भाइ मिलन जहिले यस्तै गर्छ , ऊ आफू भन्छ एउटा कुरा तर गर्छ अन्य कुरा । अघिसम्म त पर्खा है म पाँच मिनटमा आउँछु त भन्दै थियो, तर अहिले एक्कासी १७ मिनट कुरी सकेपछि अर्झै समय लम्ब्याउँछ । झनक्क रिस उठेको बेला घामले पोलेर तातिएको अनुराह अनि त्यही अनुहारमा भएको मेरो अतरङ्गी मुख जुन मेरै टुङ्गोमा छैन त्यहीँ मुखले नेपालीको लोकल अंग्रेजीमा दुई चार गाली गरेर खुरुक्क भुडे दाइको चटपटे पसलमा अबको दश मिनेटमा आइज भनी मैले फोन राखेँ ।

हुन पनि के गर्नु उसलाई पनि मैसँग लानुपर्ने थियो । खासमा मेरो चार दिन अगाडि फेसबुकमा एउटी केटीसँग लभ परेको थियो र म उसलाई भेट्न गइरहेको थिए । अब यसमा मेरो भाइको के काम भनेर सोच्दै हुनुहुन्छ होला फेरि पनि खासमा भन्नुपर्दा मसँग लभ परेकी केटीकी साथीसँग मेरो भाइको पनि हिजै मात्र फेसबुकमै लभ परेको रहेछ । त्यसैले त ऊ बिना एक्लै जानु भनेको त धोका हो मैले पर्खिए । उसँग बोल्दा तातिएर होला मैले कपाल कन्याउन थालेछु, आफूले सोचे अनुसार किन मान्छे हिँड्न सक्दैनन् भनेर मनमनै सोच्न थालेछु । म मोटरसाइकल हुइक्याएर भुँडे दाइको चटपटे पसल पुगेँ । त्यहाँ गएर सोच्न थाले- 'हैन यो माया भन्ने कुरा यति सजिलै हुन्छ र कति ठूला-ठूला महान पुरुषले त मायाको नबुझिने वर्णन गरेका छन् । बर्षौबर्ष एक-आपसमा नजिक भएर पनि माया बुझ्न नसकेको अनेकौं झमेलाको काँडेतारको ब्याख्या गरेका छन् । तर, मेरो त यति सजिलै माया बस्यो र अहो बस्न पनि यस्तो उपहारसहित बस्यो कि दाइलाई भाउजु खोजेको, भाइकी बुहारी पनि सित्तैमा पाइयो ।' केटी भेट्न जानु परेर होला अझ त्यो पर्खाइले पनि होला गर्मीका कारण साह्रै प्यास लागेको थियो । भुँडेदाइलाई हेर्दै मैले भने- 'के छ दाइ ? एउटा पानीको बोतल दिनुस्न ।' उनले आलु तास्दै गरेको हात ठेलाको छेउमा राखेको कपडमा आफ्नो हात पुछ्दै एउटा पानीको बोतल निकालेर दिए अनि भन्न थाले- 'मान्छे त चटपटे खाएर पानि पिउछन् तपाई त शुरुमै पानी पिउने अनि चटपटे खाने हो कि कसो ?' मैले घट्घट् पानी पिएँ अनि भने- 'दाइ मलाई खासै चटपटे मन पर्दैन फेरि यस्तो गर्मीमा यो अमृत जस्तो पानी यसरी पिउन पाउँदा चटपटे त के खान मन लाग्ला' भन्दै मैले गोजीतिर पैसा निकाल्न हात हाले । उनले भने- '२५ रुपैयाँ पानीको अझ मुस्कुराउँदै कि खाने हो हाम्रोमा त चटपटे इस्पेशल बन्छ है, खाइहाल्नुस् के था आजको यो चटपटे तपाईलाई यस्तो लाग्लाकी जिन्दगीभरि यसको जुन छ नि टेष्ट मुखमै झुण्डिहाल्नेछ ।'

थोरै मधेश भेगको आवाजमा उनले भनेको सुन्दा रमाइलै लाग्यो । छेउको टुल तान्दै हातमा पानीको बोतल र त्यसको बिर्को कस्दै बस्दा केही शितलताको अनुभव भने मैले गर्दै थिए । त्यत्तिकैमा त्यहाँ दुईजना केटी आए पक्कै पनि चटपटे खान नै होला । एउटी केटीले चाहिँ कुनै कलेजको कपडा जस्तो बैगुनी रंगको कुर्था-शुरुवाल अनि सेतो सल लगाएकी थिइ । हामीबीच पल्याक पुलुक हेराहेर त भइ हालियो, किन फेरि यसरी केटी देख्दा चिनेको होस् या त न चिनेको नै किन नहोस् केटा भइसके पछि कि त सभ्य भइने रहेछ या त असभ्य । म चाहिँ सभ्य तरिकाको परे चुपचाप आफ्नै धुनमा मस्त । फेरि आफूलाई त्यहाँको उपस्थिती जनाउन पानीको बिर्को खोले नत्र त केटीले हामीलाई लाइन मार्न बसेको हो कि क्या हो भन्ने आभाष पनि त हुन दिनु भएन नी । अहिले भने चाहिँ एक घुड्की मात्र पानी पिएँ टन्न त अघि नै पिएको थिएँ । ती केटीहरुले भुँडेदाइलाई सायद चिनेका रहेछन् मैले उनीहरुको बोलीचालीबाट अनुमान लगाइहाले । एउटीले सामान्य किसिमको चप्पल लगाएकी थिई । यिनीहरु यही नजिककैबाट आएको हुनुपर्छ । फेरि मेरो दिमागमा छेउमा भएको नर्सिङ्ग कलेजको स्मरण आयो पक्कै यी केटीहरु त्यहीँ कलेजमा पढ्ने विद्यार्थी नै हुनुपर्छ । एउटी चाहिँ अलिक राम्री थिइ । उसको आँखा र ओठ भने चाहिँ बेला मौका म नियालिरहेको थिएँ । उनी पनि आफ्नो साथीसँग कुरा गर्दा बेला-बेला मेरा नजरमा नजर जुद्धा एक्कासी हाँसोको नापतौल घरी घटाउने या त नजर मोड्ने चाहिँ गरिरहेकी थिइ । म त मोहनीको मोहनीमा भुल्न पो थाली सकेछु । मलाई झसंग याद आयो र मैले फोन झिँके र मिलनलाई कल गरेँ । उसले फोन नै उठाएन, त्यसपछि मलाई औधी तनाव । त्यही सुन्दरीलाई हेर्दै बस्नु या अरु नै कुनै ठाउँ जानु सोच्दै थिए । मैले फेरि एकफेर फोन गरे । निकै लामो घण्टीपछि उसले उठायो 'हँ हँ' भन्ने शब्द बोल्यो म अलिक सामान्य अवस्थामा रहेर 'हेलो कहाँ छस् तँ' भनेँ । उसले म आउन लागेको सानो काम छ अब चाहिँ कसम २० मिनेट लाष्ट हो पक्का भन्न थाल्यो । सायद अघिको मेरो लोकल अंग्रेजीको डरले गर्दा होला अलिक जिम्मेवारीपूर्ण तरिकाले जवाफ दिँदै थियो । मैले फेरि सोधेँ- 'पक्का हो त हेर मेरो काम छ अनि तेरो झन् ठूलो विचार गर नत्र म एक्लै जान्छु' यति भनेर मैले फोन राखेँ ।

अब गरुँ के त ? अञ्जान ती सुन्दरीको कल्पनामा रमाउने मात्रकी त्यहाँबाट अन्त कतै जानु फेरि जान पनि कता जाने मिलनसँग भेट हुने छोटो दुरी पनि त्यहीँ पर्ने त्यतिकैमा भुँडेदाइले 'भाइ गेडागुडी मात्र बनाइदिऊ त' भनेँ । अब भने चाहिँ भुडँदाइले त्यहाँ अरु समय बस्नका निम्ति २५ रुपैयाँ तिर्नैपर्ने र उनको चटपटे खानैपर्ने जस्तो व्यवहार देखाएपछि मलाई पनि समय कटाउने अन्तिम बिकल्प केही न केही चाहिरहेको थियो । मैले पनि 'ल त दाइ बनाउनु न त गिलो हैन सुख्खा है' भनेँ त्यतिकैमा एउटीले भन्न थाली- 'मलाइ चाहिँ सुख्खा भुजा कम्ति, बदाम हाल्नुस्, भट्मास् नराख्नु आलु सानो-सानो टुक्रा, खुर्सानी तीनवटा कागती धेरै प्याज पर्दैन' यस्तो किसिमको मेन्युभन्दा त मेरो मनकै कुरा भने झैं नै भयो अरे बाफ्रे यो तरिकाको चटपटे चाहिँ मिठै हुन्छ होला भन्ठाने मैले पनि 'मलाई नि यस्तै तर खुर्सानी एउटा लगाइदिनुस्' भनेँ । म चाहिँ त्यस केटीलाई अघिभन्दा अहिले झन् धेरै नियाल्न थालछु । यता भुँडेदाइले चटपटे फिट्दै गर्दा मैले मेरो मनको फिटकीरीमा उनको सुन्दर अनुहारलाई फिट्न थाले । अब त मैले उनको कान पछाडि भएको सानो कोठी, हाँस्दा देखिने डिम्पल पनि देख्न थालेछु । म भुतुक्कै भए । उनको आँखा भने बेमिसाल थियो । कुनै तेज भए जस्तो कसैसँग हुन्छ यस्तो तेज र उनीमा पनि यस्तै तेज थियो । धेरै समय हेर्न नसकिने । कतै यहीँ भएर होला उनीतिर म यसरी तानिएको । यस्तो क्षण त छोरो मान्छेको बाटोमा कति आउँछ कति ।

फेरि चार दिन अगाडि त कसैलाई आई लभ यू भनेर आज भेट्न जाँदैछु फेरि बाटैबाट अन्त्य कतै लक्ष्य मोड्नु पनि त भएन । सोच्न थालेँ । यसरी त माया बस्दैन होला मान्छेहरु चिन्दै नचिनेको केटीसँग एकबचन बोल्दा माया बस्छ भन्छन् अहँ मेरो त कमसेकम चार दिन त बोलचाल भएकै हो । फेरि यो केटीसँग मेरो माया बस्नलाई कुनै कारण नै देखिदनँ । त्यतिकैमा दाइले एउटा लामो कापीको पन्ना निकाल्नु भयो र त्यसलाई बीचमा च्यात्नु भयो अनि एउटा पानामा मलाई चटपटे दिनुभयो र अर्कोमा मेरी क्षणभरकी सुन्दरीलाई । त्यसपछि उनीहरु त्यो चटपटे लिएर त्यहाँबाट हिँडे, हिँड्ने बेलामा भने मैले उनलाई एक टक लगाएर हेरी रहेँ तर उनले फर्केर भने हेर्दै हेरिनन् । अब यसो चटपटेतिर हेरे बोक्रा उक्किएको बदामले मलाई जिस्काए झैं लाग्यो मैले त्यसलाई क्वाप्प खाइहाले । अब भने मिलनको अनुसार उसलाई आउन १३ मिनेट बाँकी थियो । यो समयको सदुपयोग गर्न त चटपटेको आड लिएको छु । तर, मेरी अपरिचित सुन्दरी गएको हुनाले पनि होला कमसेकम चटपटे खाइन्जेल त यहीँ बसेर खाएको भए सुनमा सुगन्ध हुन्थ्यो जस्तो लागीरहेको थियो । मिठो नभए पनि केही कुरा छान्दै केही फ्याल्दै अलि अलि गर्दै चटपटे खादै थिएँ । त्यक्तिकैमा मेरो नजर एक्कासी त्यहाँ लेखिएको एउटा वाक्यमा गयो सातरंगका मेरा सुन्दर सपनाहरु तिम्रा लागि.....। म अचम्ममा परे आज त कसैको लभ लेटर या कुनै लेखकको लेखमा चटपटे खान लागियो कि क्या हो । हैन के होला भन्ने कौतुहलता बडेलगत्तै पल्टाइ-पल्टाई चटपटे खाएँ र मैले त्यस कागजलाई पल्टाउन थाले । अगाडि र पछाडी लेखिएको रहेछ ।

यो पहिलो पटक भने थिएन धेरै अगाडिदेखि म अध्यारोमै बसिरहेको थिए । घाम लागेको बेलामा पनि मेरा आँखाहरुले खै कुन गोरेटोको मोडहरु खोजिरहेको थियो । थाहा छैन, म त्यो बेलामा पनि अध्यारोमै थिएँ, झलमल्म भएर संसारलाई बाटो देखाउन सक्ने सूर्यले पनि मेरो बाटो चाहिँ किन मलाई देखाइदिन सकेको थिएन । मलाई उम्कनु थियो यो अन्धकारबाट तर म आफूले आफूलाई हर एक पल यहीँ अँध्यारोमा पाउने गर्दथेँ । मेरा बन्द कोठाका भित्ताहरुमा जलिरहेको बत्तिको प्रकाशमा साना-साना किरा, माउसुली थुप्रै जीव आफ्नो बाटो भेट्टाए झैं आफ्नो लक्ष्य प्राप्ति भए झैं गरेर रमाइरहेका हुन्थे, तर म भने अझैं पनि आफूले आफूलाई कालकोठरीमा पाउँदथेँ । यो दर्दनाक अवस्थाबाट तिमीले मलाई निकाल्न अवश्य सक्ने थियौ । तर, तिमीले यस्तो चाहेनौ । मेरा यी संघर्षका बाटामा मेरो साथ दिँदा तिम्रा पाइलाहरु अँध्यारोमा हुमलिन्थ्यो होला, तर तिमी मसँग हुँदा मैले एउटा ज्याति अवश्य पाउँने थिए र त्यसको सहाराले जिन्दगीभरि तिमीलाई डोहोर्‍याउन त सक्थेँ होला नि । तर, तिमी त स्वार्थी रहेछौ, तिमीले र मैले हेर्ने त्यो पारी डाँडामा सररररर मँयुरका पंख झैं फिजारिने इन्द्रेणीका रङ्गहरुमा तिम्रो र मेरो बुझाई फरक रहेछ । हामीले साटेका सातरंगका सात सपना त्यो पनि सात जुनीलाई आखिर त्यो पनि त फरक रहेछ । तिम्रा भागमा सातै वटा रंग, तर मेरो भागमा हुँदै नभएको कालैकालो रंगमात्र परेछ । हामीले समेटेका हाम्रा खुशीहरुलाई तिमीले एउटै रंगमा मिसाएछौ, पिसेछौ र मेरो भागमा दागैदागको रंग पोतिदिएछौ, तर त्यही रंगमा म भने अझैं पनि आउन बाँकी रहेको या त तिमी स्वयम् आई पुतली बनी मेरो जीवनको यो फूलबारीमा तिम्रा पखेँटाले एक-एक गर्दै खुशीका हजारौं रंग अवश्य छर्नेछौ जस्तो लागेको थियो । तर, सातरंगका यी मेरा सुन्दर सपनाहरु तिम्रा लागि मोर्डन क्यानभास भएछ लगेर त्यसलाई तिम्रा भित्तामा सजाउ जुन महँगो त कहलिनेछ, तर व्यर्थहीन तिम्रा नजरले त्यसको यथार्थ कहिल्यै बुझ्नेछैन ।

विवाह जस्तो पवित्र बन्धनमा बाँधिएका थियौं हामी । हामीले अग्नि वरिपरी सात फेरा घुमेर खाएको कसम मेरा लागि सात जन्मको बाचा थियो । तर, तिमीलाई त बाल्यकालमा खेलेको भाडाकुटी जस्तो पनि भएन छ । तिमीले लगाउने मङ्गलसुत्र त केवल तिम्रो जीवन मङ्गल हुनुको शुत्रमात्र रहेछ अनि मैले गरेको माया र विश्वास त समय अनुसार परिवर्तन भयो रे । तिम्रो भनाईमा । सायद आजको भेट तिमीसँगको मेरो अन्तिम भेट थियो होला । तिम्रा बचन र तिम्रा एक-एक व्यवहारले म यतिसम्म घाइते भई सकेको छु की मृत्युभन्दा अरु सजिलो उपाय केही छैन जस्तो लाग्दछ मलाई । तिमी सागर अनि म त्यहाँ डुबुल्की लगाउने माछो आज तिम्रै बेग र छालहरुले यति छताछुल्ल बनायो मलाई , भन्न चाहन्छु त्यो पारी किनारमा लगेर छाडीदेऊ मलाई , बरु पानी बिना तिमीलाई अन्तिम समयसम्म नियालेर मेरो प्राण त्याग्न सक्छु । तर, तिम्रा छालहरुको बेग र त्यसको पीडा मैले थाम्न सकिनँ । हो आज म आत्महत्या गर्दैछु । किनकि प्राण त मेरो तिमीले लगेकी थियौ, न त तिमीले फर्काउन सक्यौ न त मैले अरुमा सार्न सके । तर, अझैं आशा छ मलाई तिमीसँग, मेरा हत्केलालाई तिम्रा हत्केलाले समेटेको हेर्न चाहन्छु र ठूलोसागरको परिकल्पना नभई तिम्रो सानो आँखाभित्रको समुद्रमा सदाबहार नाचिरहने, बसिरहने र तिम्रा नजरबाट संसार हेर्ने तिम्रो आँखाको नानी बन्न चाहन्छु । मेरो जस्तै हत्केलाको भाग्य तिम्रो नि हुने भए, मैले जस्तै पीडा सधैं तिमीले नि पाउने भए, थामेका ती हात तिम्रा मैले, म मर्दा मै सँग पढाइदेऊ, मैले जस्तै सजाय यदि तिमीले नि पाउने भए ।

*अलविदा ! प्रिय भावना*

*तिम्रो हुन नसकेको अभागी आकाश...*

मैले कागज पढि सकेँ, झसङ्ग भए के हो यो ? के यो कसैले मर्नुअघि लेखेको पत्र हो र । के मैले कुनै मान्छेको कात्रोभित्र भरिएको चटपटे खाइरहेको थिएँ । आखिर आकाश को होला ? अनि उसले भनेको भावना को होला ? पत्रका अनुसार त उनीहरुको विवाह भइसकेको थियो । म अचम्ममा परे, हतार-हतार भुँडेदाइलाई पत्र देखाए । उनले राम्रोसँग पढ्न जान्दा रहेनछन् । मैले नै सबै पढेर सुनाए । उनी पनि अचम्म परे । मलाई भने एकदम बेचैनी भयो त्यो पत्रमा लेखिएको एक-एक शब्द मेरो मानसपटलमा गुञ्जिरहेको थियो । आखिर कसैले मायामा ज्यान किन फ्याल्छ होला र । यसको यथार्थ मैले थाहा पाउनै पर्छ । मैले भुँडेदाइलाई सोधेँ- 'दाइ यो कापी कहाँबाट आयो ।' दाइलाई थाहा रहेनछ भन्न थाल्नुभयो- 'यस्तो कुराहरु त हामी कचराबाट उठाउँछौं नेपाल इण्डिया जहाँबाट नि आउन सक्छ ।' एक्कासी मैले सम्झेँ यो कागजको आधा भाग हो अर्को भागमा त अघि दाइले त्यो केटीलाई चटपटे दिनुभएको थियो, कतै यसको बाँकी यथार्थ अर्को कागजमा त छैन । पक्कै पनि त्यो कागजमा केही लेखिएको हुनुपर्छ । यदि लेखिएको छ भने आकाशले आत्महत्या गरेका छैनन् । धेरै समय पनि भएको थिएन । ती केटीहरु भर्खरै यहाँबाट गएका थिए । मैले भुँडेदाइलाई केटीको बारेमा सोधेँ धन्न दाइलाई रुची भन्ने एउटा केटीको नाम थाहा रहेछ । म सिधैं नर्सिङ्ग कलेज अगाडि पुगेँ बाहिर दुई चार जना केटीहरु थिए । कलेजको गेट भने लागिसकेको थियो । नियालेर हेर्दा तीन जना केटीहरु बाहिर बसेर केही खाइरहेका थिए । ती मध्ये रुचीलाई पनि त्यहीँ देखेर म एकदम खुशी भएँ । तर, मैले रुचीलाई बोलाउन भने सकिनँ, तर उनले कतै मलाई देख्दछिन र कुनै प्रतिक्रिया दिन्छिन् भनेर हेरिरहे तर उनले मलाई हेर्दै हेरिनन् ।

**कथा**

मैले आफूलाई थाम्नै सकिनँ र उनी भएको ठाउँ पुगेर 'रुची भनेको तपाई नै हैन' भनेर प्रश्न गरेँ उनले भनिन्- 'हैन त कसलाई खोज्नु भएको ?' मैले फेरि भनेँ- 'तपाईलाई नै खोजेको हो अघि तपाई चटपटे पसलमा आउनुभएको थियो नि हैन ? तपाईको एउटा कुरा छुटेको थियो म दिन आएको हो" । उनले- के कुरा हो म चिन्दिन तपाईलाई भनेर अलिक तर्केर उठ्न लागे जस्तो लाग्यो । मैले सोधी हाले अघि ल्याउनुभएको चटपटेको सोली कहाँ छ प्लिज भन्नुस् । एकछिन् त उनीहरुले एकअर्कालाई हेर्न थाले र तीन जना मुसुमुसु हाँस्न थाले । मैले ढिला नगरी यो कागज पढ्नुस् न अघि खाएको चटपटेमा एउटै कागजको आधा भागमा मैले चटपटे खाए अनि आधामा तपाईले यति भनेर मैले कागज दिए । लिन इन्कार गरिरहेका थिए कतै प्रेम पत्र जस्तो पनि लागेको थियो होला, तर छेउछाऊ चटपटे टालिएको छ त्यस्तो केही हैन भनेर विश्वास दिलाएपछि त्यहाँ भएकी मध्ये एउटा केटीले त्यस पत्रलाई जस्ताको त्यस्तै पढ्न थालिन् । पढि सकेपछि उनीहरुको पनि होस उड्यो । रुची एक्कासी त्यहाँबाट उठिन् र गेटभित्र पसेर कलेजको चौरीतिर हेर्न थालिन् । उनले पनि चटपटेमा चाउचाउ मिसाउँदा त्यो कागज चौरीभित्रै फ्यालेकी रहिछन् । हावा अलिक ठूलो चलेर होला पत्र कहीँ भेटिएन । सायद हावाले अन्त्य कतै उडाए जस्तो छ । हामी सबै के बोल्नु के भन्नु अक्कमक्क जस्तो भयौं, केही सोच्न सकेनौं । साच्चिकै कागजमा भएको यथार्थ निकै नमिठो नै थियो । यता मेरो फोन साइलेन्टमा रहेछ, मिलनको दश मिस कल अनि मेरी फेसबुके लभको पाँच मिस कल । मैले सबैलाई कल रिप्लाई गरेँ, तर कसैले रिसिभ गरेनन् सायद परस्थिति सँगै मान्छे बद्लिन्छ भनेको यही होला । त्यसपछि उनीहरु तीन जना कलेज वरिपरी कागज खोज्न थाले कहीँ नभेट्टिएपछि दुःखीत मुद्रामा उनीसँग भएको कागज मलाई दिन खोजिन् तर मैले यो कागज तपाई नै राख्नु बरु अर्को कागज खोज्नु र भेटिएमा मलाई कल गर्नु- भन्दै मैले मेरो फोन नम्बर दिएँ । अहिलेसम्म हामीबीच परिचय नै भएको रहेनछ । उनले नाम सोधिन् । अनि मैले मेरो नाम भने । हामीबीच फोन नम्बर साटासाट भयो । त्यस दिनपछि सायद हाम्रो सोच विचार एउटै भएर होला हामीबीच धेरै कुरा हुन थाल्यो । धेरै कुरा चाहिँ आकाशको पात्रलाई लिएर आखिर भावना को थिइन् ? के गरिन् उनले त्यस्तो जसकारण आकाशले आफ्नो ज्यान फ्याल्न तयार भए भन्ने कुराको निक्कै गहिरो घात बसेको रहेछ । हामी एकअर्कामा विभिन्न परस्थिति जन्माउथ्यौं । सायद यस्तो भएको थियो होला उस्तो भएको थियो होला, यस्तो गरेकी थिइ होला । त्यो भावनाले र हाम्रै तरिकाले हामी त्यस घटनालाई हामीबीच नै कुनै उपाय निकालेर समाधान गर्ने गर्दै थियौं । जानी-नजानी हामी नजिक भइसकेका रहेछौं । एउटा माध्यम बनेको थियो हामी नजिक हुनुमा । कहीँ कतै उनलाई पनि यो कुराको आभाष भएको रहेछ र मलाई पनि हुन थालेको थियो । हामीबीच भेटघाट हुन थालिसकेको थियो । तर, भेटमा भने धेरै चाहिँ त्यही आकाश र भावनाकै बारेमा कुरा हुन्थ्यो । अनौठो चाहिँ के मात्र थियो भने उनले या मैले हामीमा भएको माया नदेखाए पनि हाम्रो व्यवहारले भने हामीबीच गहिरो माया बसिसकेको जनाएको थियो । हामीहरु निकै खुशी थियौं ।

करिब एक महिनापछि एकदिन रुचीले मलाई फोन गरिन् र यूट्यूबमा इलामको एउटा घटना हेर भनिन् र त्यहाँ आकाशको बारेमा सबै कुरा थाहा पाउने भनेपछि मैले हतार-हतार यूट्यूब खोले अनि सम्पूर्ण नालीबेली थाहा पाएँ । इलाममा विवाह भएर भावना भन्ने केटीलाई पढ्नका निम्ती अष्ट्रेलिया पठाइएको रहेछ । तर, तीन बर्षसम्मको उनको भ्रम र देखावटी मायामा अन्धो भएका उनका श्रीमान् आकाशलाई उनले धोका दिएपछि र कयौं प्रयास गर्दा पनि आफ्नो प्रेम पाउन नसकेका आकाशले दुई वर्ष पहिला नै आत्महत्या गरिसकेका रहेछन् । यी सबै कुरा हेरेपछि रुची र म बीच धेरै कुराहरु भयो । किन हो आकाशलाई धिक्कार्दै रुचीसँग गुनासो गर्न थालेँ । रुचीको भने आकाशसँग निक्कै आत्मियता जोडिएको रहेछ । मैले भनेँ- 'आकाशको जति नै स्वच्छ र चोखो माया मैले पनि तिमीलाई गरे भने तिमीले मलाई माया गर्छौ कि गर्दैनौं । उनले हाँस्दै- किन भन्नु मैले जे पायो त्यहीँ कुराको उत्तर दिन्छु भनेर कहिले भनेको छु भरै फोन गर्छु राखेँ है अहिले चाहिँ भन्दै फोन राखिदिइन् । मेरो मन साह्रै खुशी भएको थियो । सायद जीवनमा पहिलो पटक प्रेम पाएको छु जस्तो लाग्यो । हो साच्चै रुची, तिमी सही थियौं । माया कहिले मर्दोरहेनछ । तिमीले भने जस्तै आकाशको मायामा स्वयम् आकाश नै मरे पनि उसको माया मरेन, किनकि जुन कागजमा आकाशको मायाको मृत्यु भयो त्यहीँ कागजबाट नै हाम्रो मायाको जन्म भयो ।

*bipinsangroula1@gmail.com*


## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित

झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

| (हल ए) हिन्दी सिनेमा | (हल बी) हिन्दी र नेपाली सिनेमा |
|---|---|
| पहिलो शो ११:४५ Panga | पहिलो शो ११:४५ Street-dancer-3 3D |
| दोस्रो शो २:४५ Street-dancer-3 3D | दोस्रो शो २:४५ Commantdr |
| तेस्रो शो ६:३० Panga | तेस्रो शो ६:३० Street-dancer-3 3D |

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)



## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई


झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

Montusori Teacher : 2 जना (महिला)
Manager : 1 जना (अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।)
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्पर: २ जना
रिसेप्सनिष्ट: १ जना (इलामको लागि कम्प्युटरमा दक्ष)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### शिक्षक आवश्यकता

क्रिएसन मन्टेश्वरी बुट्टाबारी
१) शिक्षक १ जना
२) सिस्टर १ जना
तलब : आपसी समझदारीमा
सम्पर्क: ०२३-४२११४८
९८४२६७२०२०, ९८१४०५८८५९
नोट: शनिबार स्कूल खुल्ला रहने छ साथै डान्स, म्युजिक, एंकरिङ, खेलकुद र अतिरिक्त क्रियाकलाप गराइनेछ ।

### गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

### आवश्यकता

सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### जग्गा बिक्रीमा

बिर्तामोड बस पार्कबाट १½ किलोमिटर २½ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

### जग्गा बिक्रीमा

अटोल्याण्ड बुट्टाबारीमा हाइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कठ्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

### टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

### पसल बिक्रीमा

बिर्तामोड कृषिथोक रोडमा रहेको चालू अवस्थाको फेन्सी पसल तु-बिक्रीमा छ ।
नोट: खाली सटर मात्र पनि दिइनेछ ।
मो. ९८१०१३९६७५

### कर्मचारी आवश्यकता


पद : बजार प्रतिनिधि
तलब : १३,५००।- +कमिशन
संख्या : १० जना
सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.
अतिथि सदनको दक्षिणपट्टी (मो.९८२४९२५१०५)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## काठमाडौंका डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण



यही माघ १२ गते आइतबारका दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा काठमाडौंका विशेष अनुभवी डाक्टर राजकुमार शाह र फिजियोथेरापिस्ट डाक्टर भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य परीक्षण गरिने भएकोले समयमै नाम टिपाइ स्वास्थ्य लाभ लिनुहोस ।
उपचार हुने समस्याहरु : पाइल्स, फिसर, फिस्टुला, मासु पलाएक

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ । आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - रकम जुटाउँदा ऋणभार बढ्न सक्छ । सरसापटमा पनि केही धन बाहिरिने देखिन्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - प्रतिफल हातलागी हुन समय लाग्नेछ । तापनि मेहनतले लक्ष्यमा पुऱ्याउनेछ । अरूको विषयमा चासो लिँदा झमेला व्यहोर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरी तथा व्यवसायमा फाइदा हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - भौतिक साधनहरू संग्रह हुनेछन् । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । रुचीका विषयमा लगानी बढाउन सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - रोकिएका काम सम्पादन हुनेछन् भने मेहनतले लक्ष्यमा पुऱ्याउनेछ । सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - सामाजिक वादविवाद सुल्झाउने जिम्मेवारी आउन सक्छ । चुनौतिहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - श्रम परे पनि विशेष उपलब्धि हासिल हुनेछ । भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । लगनशीलताले उत्साह जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ । व्यस्तता बढ्नेछ भने शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - गोप्य सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ने हुन सक्छ । लगानी गर्ने काममा हात हाल्नुअघि विचार पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - अनावश्यक अडान लिने बानीले पनि समस्या निम्त्याउनेछ । शुभचिन्तकको सुझावलाई ध्यान दिनुहोला ।

# वृद्धाश्रममा वीरता लेडी जेसीजको स्थापना दिवस



**बिर्तामोड, माघ १०।** वीरता लेडी जेसीजको १६ औं स्थापना दिवस वृद्धाश्रममा मनाइएको छ।

बिर्तामोड-४ मा रहेको परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाई खाना, फलफूल र नगद प्रदान गरेर स्थापना दिवस मनाइएको हो। स्थापना दिवसको अवसर पारेर वीरता लेडी जेसीजको वर्ष २०२० को नवनिर्वाचित टिमले वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुसँग आशीर्वाद लिएर वर्ष २०२० को कार्य प्रारम्भ गरेको अध्यक्ष सुष्मा भण्डारी पौडेलले जानकारी दिइन्।

वीरता लेडी जेसीजकी अध्यक्ष सुष्मा भण्डारी पौडेलको अध्यक्षता तथा बिर्तामोड- ४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक सहसचिव मेनुका ओलीले स्वागत गरेकी थिइन्। वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष नम्रता रिजाल ढकालले औचित्य माथी प्रकाश पारेको कार्यक्रममा कार्यक्रम संयोजक कमला राईले आस्था वाचन गरेकी थिइन्।

वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजालले लेडी जेसीज स्थापनाको इतिहास र त्यसका उपलब्धीहरुका बारेमा चर्चा गरेको कार्यक्रममा वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष रजनी बजगाईं, अध्यक्षीय सल्लाहकारहरु वीरता जेसीजका पूर्व अध्यक्ष राजकुमार पोखरेल, पत्रकार उमाकान्त खनाल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

माघ महिनामा जन्मोत्सव र विवाह वर्षगाँठ पर्ने सदस्यहरुको सहयोगमा उक्त कार्यक्रम गरिएको बताइएको छ। माघ महिनामा बिवाह वर्षगाँठ पर्ने पुनम घिमिरे, अर्चना राउत र जन्मदिन पर्ने अध्यक्ष सुष्मा पौडेल, सदस्य कमला राई र श्रीमान्को जन्मदिन पर्ने कल्पना दाहाल (अच्युत दाहाल), मञ्जु उप्रेती (प्रकाश उप्रेती) ले कार्यक्रममा सहयोग गरेका हुन्। कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव संगीता गिरीले गरेकी थिइन्।

# छ महिनामा पुँजीगत खर्च १९.४० प्रतिशत




**बुधबारे, माघ १०।** बुद्धशान्ति गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ को पहिलो छ महिनामा पुजीँगत खर्च १९.४० प्रतिशत भएको जनाएको छ।

बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद चापागाईंले आर्थिक वर्षको पहिलो छ महिनामा कूल १५ करोड ६२ लाख चार हजार चार सय १६ को पुँजीगत खर्च (विकास निर्माणमा खर्च हुनुपर्ने रकम) मध्ये तीन करोड तीन लाख १५ हजार एक सय १४ रुपैयाँ भएको जनाएका हुन्।

उनले स्वास्थ्य क्षेत्रमा २८.९८ प्रतिशत, कृषिमा ५.६९ प्रतिशत, शिक्षामा २६.०७ प्रतिशत र पर्यटनमा ४.८४ प्रतिशत पहिलो छ महिनामा खर्च भएको पनि जानकारी दिए। बुद्धशान्ति गाउँपालिकाले स्वास्थ्यमा चालू आर्थिक वर्षका लागि ८७ लाख ५० हजार छुट्याएकोमा २५ लाख ३५ हजार पाँच सय ४० रुपैयाँ खर्च गरेको छ। त्यस्तै कृषिमा एक करोड १४ लाख बजेट छुट्याएकोमा छ लाख ४८ हजार एक सय ३३ रुपैयाँ मात्रै पहिलो छ महिनामा खर्च गरेको छ। कृषिको बजेट वडाको मागमा आधारित भएर खर्च गर्नुपर्ने भएकाले वडाबाट माग ढिलो आएका कारण कृषिमा कम प्रतिशत खर्च भएको प्रमुख प्रशासकीय अधिकृत चापागाईंले बताए। शिक्षाका लागि बुद्धशान्ति गाउँपालिकामा चालू आर्थिक वर्षमा दुई करोड रुपैयाँ छुट्टिएको छ भने पहिलो छ महिनामा ५२ लाख १३ हजार नौ सय ९९ रुपैयाँ खर्च भएको छ।

यता पर्यटनतर्फ ७७ लाख रुपैयाँ विनियोजन भएकोमा हालसम्म तीन लाख ७२ हजार छ सय रुपैयाँ मात्र खर्च हुन सकेको छ। उनले प्रतिशतलाई आधार मान्ने हो भने केही कम पुँजीगत खर्च भएको देखिए पनि अधिकांश योजना सम्झौता भएको र हुने क्रममा रहेकाले यसलाई नराम्रो नै मान्ने अवस्था भने नभएको बताए।

यस अवधिमा पुँजीगत खर्च करिब ३० प्रतिशत हुनुपर्ने भए पनि प्रमुख प्रशासकीय अधिकृतको सरुवाले त्यसमा प्रभाव पारेको चापागाईको भनाई छ। उनले यस गाउँपालिकामा आफू प्रमुख प्रशासकीय अधिकृतका रुपमा पदभार ग्रहण गरेपछि प्रशासनिक क्षेत्रमा सुधारका प्रयास भइरहेको बताए। कार्यपालिकाले गरेका निर्णय प्रभावकारी र तोकिएको समयभित्र सम्पन्न गर्न कर्मचारी प्रशासन जिम्मेवार ढंगले लागिरहेको पनि उनले बताए।

सेवाग्राहीलाई छिटो छरितो सेवा दिन सम्पूर्ण कर्मचारी लागिपरेको बताउँदै चापागाईंले सेवाग्राहीलाई थप सहजताका निम्ति गाउँपालिकाले सहायता कक्ष समेत स्थापना गरेको र सो प्रयास उपयोगी बन्दै गएको पनि जानकारी दिए। उनले सहायता कक्षले सेवाग्राहीलाई सेवा लिने कुरामा सहजता ल्याउन नै सो प्रयास गाउँपालिकाबाट भएको स्पष्ट पारे।

# एम्बुलेन्स चालकलाई प्राथमिक उपचार तालिम

**दुहागढी, माघ १०।** एम्बुलेन्स चालकहरुका लागि आधारभूत प्राथमिक उपचार सम्बन्धी तीन दिने तालिम शुक्रबारदेखि बिर्तामोडमा शुरु भएको छ।

जिल्ला स्वास्थ्य कार्यालय र एम्बुलेन्स सेवा सञ्चालन समिति झापाको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाइटी झापा शाखाको प्राविधिक सहयोगमा प्रशिक्षण शुरु भएको हो।

प्रशिक्षणमा तीन जना ट्राफिक प्रहरीसहित ३० जना एम्बुलेन्स चालकहरुको सहभागिता रहेको छ। प्रशिक्षणको एक कार्यक्रमकाबीच जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख ईश्वरीप्रसाद पौडेलले उद्घाटन गरेका थिए। कार्यक्रममा रेडक्रसकर्मीहरु प्रकाशचन्द्र खरेल, हरीशरण खड्का, डिल्लीराम भण्डारी लगायतले सहजीकरण गरीरहेका छन्।

नेपाल रेडक्रस सोसाइटी झापा शाखाका प्राथमिक उपचार समितिका संयोजक विश्व थापाको अध्यक्षता तथा मन्त्री चन्द्रप्रसाद चुडालको सञ्चालनमा सम्पन्न तालिम उद्घाटन कार्यक्रममा रेडक्रस प्रदेश नं. १ समितिका कोषाध्यक्ष ओमप्रकाश गौतमले औचित्यमाथि प्रकाश पारेका थिए।

# कचनकवलमा साना मझौलाको आँखा शिविर

**बिर्तामोड, माघ १०।** बिर्तामोड-१ मा रहेको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा कचनकवल-३ पथरियामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ।

मेची आँखा अस्पताल अनारमनी बिर्तामोडको प्राविधिक सहयोगमा भएको शिविरमा एक सय ९८ जनाको आँखा परीक्षण गरिएको थियो। शिविरमा सहभागी मध्ये ३८ जनामा मोतियाविन्दू र ट्रकोमा भेटिएकाले निःशुल्क शल्यक्रियाका लागि अस्पताल पठाइएको बताइएको छ।

साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष देवी निरौला बस्नेतको अध्यक्षता तथा कचनकवल-३ का वडाध्यक्ष विजयकुमार राजवंशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्रबहादुर बस्नेतले स्वागत गरेका थिए।

कार्यक्रममा मेची आँखा अस्पताल अनारमनि बिर्तामोडकी शिविर को-अर्डिनेटर कविता कार्की कडरियाले आँखाको महत्वको बारेमा जानकारी गराएकी थिइन्। कार्यक्रममा कचनकवल- १ का वडाध्यक्ष लक्ष्मी यादव, पथरिया माविका प्रधानाध्यापक कृष्ण शर्मा, स्वास्थ्य चौकी पथरियाका इञ्चार्ज विजयकुमार झा लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा कचनकवल-२ का वडाध्यक्ष मेघबहादुर भट्टराई, वडा सदस्यहरु धनलाल राजवंशी, श्यामसुन्दर राजवंशी, सूचना तथा प्रविधि अधिकृत दिपेन्द्रकुमार गणेश, पथरिया प्रहरी चौकीका इञ्चार्ज राजेशकुमार श्रेष्ठ लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख चन्द्रकुमार भट्टराईले गरेका थिए।

# स्वर्णिम कप हाजिरीजवाफ

**दूधे, माघ १०।** राष्ट्रिय रमणीय आदर्श मावि शिवसताक्षी- ११ दूधेको स्वर्ण महोत्सव अन्तर्गत माध्यमिक विद्यालय स्तरीय स्वर्णीम कप हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ।

हाजिरीजवाफ प्रतियोगितामा राष्ट्रिय रमणीय आदर्श मावि प्रथम, लालपानी मावि द्वितीय र भानु मावि लालझोडा तृतीय भएको थियो। शिवसताक्षी नगरभरिका १२ वटा सामुदायिक विद्यालयहरु मध्ये १० वटा माविले सो प्रतियोगितामा सहभागिता जनाएका थिए।

विद्यालयका प्रधानाध्यापक कालीप्रसाद रिजालको अध्यक्षतामा भएको हाजिरीजवाफ प्रतियोगिता चार राउण्डमा सम्पन्न भएको थियो। जसमा क्रमशः जेनेरल राउण्ड, आवाज पहिचान गर्ने राउण्ड, तस्वीर चिन्ने राउण्ड र र्‍यापिड फायर राउण्ड सञ्चालन गरिएको थियो।

२०२६ सालमा स्थापा भएको विद्यालयले २०७६ माघ १७ गते विधिवत् गरी वर्षैभरी विविध कार्यक्रम गर्दै २०७७ माघ १७ गते सम्पन्न गरिने बताइएको छ। कार्यक्रमको सञ्चालन शिक्षकहरु श्रीप्रसाद खरेल, टीकाराम बाँस्कोटा र शान्तिराम बस्नेतले गरेका थिए।


## कर्मचारी आवश्यकता

यस संस्थाको सदस्य सेवा केन्द्र कनकाईका लागि तपशिलमा उल्लेखित पद पूर्ति खुल्लारुपबाट गर्नुपर्ने भएको हुँदा योग्य इच्छुक उम्मेदवारहरुबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ। तोकिएको म्याद नाघी आएको दरखास्तमा कुनै करावाही हुने छैन।

**पदः कार्यालय सहायक** **संख्या : १ (एक)**
**न्यूनम शैक्षिक योग्यता : वाणिज्य तर्फ कक्षा १२ उत्तीर्ण**
**उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको**
**दरखास्त दिने अन्तिम मिति : २०७६ माघ १८ गते**
**सम्पर्क मिति : २०७६ माघ २० गते १०:००-३:०० बजेसम्म**
**छनौट प्रक्रिया : लिखित तथामौखिक**
**परीक्षा : सम्पर्क मितिमा तय गरिनेछ।**
**परीक्षा दस्तुर रु. ५००।- (फिता नहुने गरी)**
**संलग्न गर्नुपर्ने कागजातहरु :**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (SEE वा SLC) परीक्षाको समेत)
अनुभव भए सोको प्रमाण सक्कलप्रति
ग) पासपोर्ट साइजको २ प्रति फोटो।
(दरखास्त आफ्नै हस्त लिखित हुनुपर्नेछ।)

**कर्मचारी छनौट उपसमिति**
**साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्था मुख्य कार्यालय, बिर्तामोड**
**सम्पर्कः ०२३-५४६६९३, ९८५२६७३७७५, ९८४२६३३८४९**

## सटर बुकिङ खुल्ला

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ। बुकिङ गर्न चाहनु हुने महानुभावले तु-सम्पर्क गर्नुहोला।

सम्पर्कः **सोनी कम्प्लेक्स** (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४

भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| खिनामाया बराल | पथरीया-१ हाल कचनकबल-३ | १८८८ | ३३८,६३ | वदक मुर्मु सतार |




## श्री कनकाई माध्यमिक विद्यालय

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

## अभिभावक भेला सम्बन्धी जरुरी सूचना

यस विद्यालयको व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको म्याद समाप्त भई नयाँ व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन गर्नुपर्ने भएकाले तपसिलको मिति, समय र स्थानमा अनिवार्य उपस्थित भईदिनुहुन अनुरोध छ।

**तपसिल**
**मिति : २०७६।१०।१२ गते आइतबार**
**स्थान : विद्यालयको सभा हल**
**समय : दिनको ११ बजे**

**कर्णबहादुर डाँगी**
**प्रधानाध्यापक**

## कतारमा वैदेशिक रोजगारको अवसर

कतारको एक प्रतिष्ठित Danem Heavy Industries WLL कम्पनीबाट निम्न नेपाली कामदारको माग भई आएकाले जान इच्छुकले सक्कल राहदानी पासपोर्ट साइजको फोटो तथा अनुभवको प्रमाणपत्र सहित यथाशिघ्र सम्पर्क गर्नुहोला।

पून स्वीकृति मिति : २०७६/०९/२९ लट नं. २२५०६२ चलानी नं. ६०१४४३८७

| कामदारको पद | माग | तलब | काम | खान/बस्न | करार |
|---|---|---|---|---|---|
| Heavy Driver (Qatar License) | २० | २७५० | १२ घण्टा २६ दिन | छैन/छ | २ बर्ष |
| Light Driver (Qatar License) | १० | १९५० | | | |
| Store Keeper | १० | १२५० | ८ घण्टा २६ दिन | | |
| Scaffolder | ६० | १२५० | | | |
| Scaffolding Chargehand | २४ | १५०० | | | |
| Scaffolding Supervisor | १० | अनुभवको आधारमा | | | |
| Helper | ४० | १००० | | | |
| Civil Engineer | १० | ३५०० | | | |

Scaffolder समूह लागि अनुभवको प्रमाणपत्र अनिवार्य ल्याउनु पर्नेछ।

**फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट माघ १३ गते सोमबार बिर्तामोडमा हुनेछ।**

**Panda Human Resoure Pvt. Ltd.**
Sukedhara, Kathmandu
Contact No. 9802752707, 9842652707, 9803440384

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.

NMC-COOP


प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

## कर्जा बुझाउन आउने बारे सूचना

*प्रकाशित मिति : २०७६/१०/११*

यस संस्थाको शिवगञ्ज कार्यालयसाग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क.स. | ऋणीको नामथर | ठेगाना | ऋणीको बाबु | ऋणीको बाजे | ऋणीको पति/पत्नी | जग्गाधनीको नामथर | ऋणीको फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | टिकाकुमारी ताजपुरीया | शिवसताक्षी-४ | पवनलाल ताजपुरीया | धुन्ना ताजपुरीया | महेन्द्रप्रसाद ताजपुरीया | महेन्द्रप्रसाद ताजपुरीया |  |

**- शिवगञ्ज कार्यालयगत उपसमिति**

## QATAR मा रोजगारको अवसर

कम्पनी : DANEM HEAVY INDUSTRIES शहर : QATAR

पूर्व स्वीकृति मिति : २०७६/०६/१६ चलानी नं. ६०१४४३७९ L.T.NO. 225059

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलव QR | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Scaffolding Supervisor (GCC) | 5 | 1800-2000 | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ बर्ष |
| २ | Scaffolding Chargehand (GCC) | 12 | 1500 | | | | | | | |
| ३ | Scaffolding (GCC) | 30 | 1250 | | | | | | | |
| ४ | Helper | 20 | 1000 | | | | | | | |
| ५ | Heavy Driver (Qatar Retrurns Only) | 10 | 2750 | | | | | | | |
| ६ | Light Driver (Qatar Retrurns Only) | 5 | 1950 | | | | | | | |
| ७ | Store Keeper (GCC) | 5 | 1250 | | | | | | | |
| ८ | Civil Supervisor (GCC) | 5 | 3500 | | | | | | | |

ट्रेडका हकमा विदेशमा काम गरेका व्यक्तिहरूले मात्र सम्पर्क गर्नुहोला।

**फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०७६ माघ १३ गते (Jan. 27, 2020) सोमवार बिर्तामोडको सीपी होटलमा हुनेछ।**

**विटा इन्टरनेशनल म्यानपावर प्रा.लि.**
महाराजगञ्ज, काठमाडौं
मोवाइल सम्पर्क : 9804913198, 9852674135

# जन्मदिनमा अपाङ्गता भएकालाई खाद्यान्न



**बिर्तामोड, माघ १०।** पछिल्लो समय आफ्नो जन्मदिनलाई सकारात्मक तथा सृजनशील रुपमा मनाउने क्रम बढेर गएको छ ।

जन्मदिनलाई भड्किलो बनाउने संस्कारविरुद्ध सामाजिक कार्य गरेर जन्मदिन मनाउन थालिएको छ । यस्तै सामाजिक कार्य गरेर जन्मदिन मनाएका छन् झापा बाह्रदशी बिहीबारेका डिल्लीराम संग्रौलाले । अर्जुनधारा नगरपालिका- ६ कप्तानबारीमा रहेको अपाङ्ग बालशिक्षा सरोकार केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिकाहरुलाई खाद्यान्न सहयोग गरी उनले जन्मदिन मनाएका हुन् । उनले अपाङ्ग बालशिक्षा सरोकार केन्द्रका अध्यक्ष कृष्णदेव दुलाललाई उक्त सामाग्री हस्तान्तरण गरेका थिए ।

जन्मदिनमा खर्च गर्ने रकम कटौती गरी अपाङ्गता भएका बालबालिकाहरुलाई सहयोग गर्न पाउँदा आफू अत्यन्तै खुशी भएको संग्रौलाले बताए । बिर्तामोडको ओशियन पार्टी प्यालेसमा कार्यरत कर्मचारी समेत रहेका संग्रौलाले होटल तथा पार्टी प्यालेसमा फजुल खर्च गरेर जन्मदिन मनाएर क्षणिक आनन्द लिनुभन्दा अपाङ्गता भएका बालबालिकाहरुलाई सहयोग गर्दा आफूलाई स्वर्णीम आनन्द प्राप्त भएको बताए ।

कार्यक्रममा सहभागी झापाली समाज युएइका सदस्य माइनसप्लस संग्रौला, केशव पौड्याल लगायतले संग्रौलाले गरेको कार्यको प्रशंसा गर्दै यस्तो कार्यले समाजमा सकारात्मक सन्देश जाने बताए । त्यस्तै अपाङ्ग बालशिक्षा सरोकार केन्द्रका अध्यक्ष कृष्णदेव दुलालले जन्मदिनमा अपाङ्ग बालशिक्षा सरोकार केन्द्रका अपाङ्गता भएका बालबालिकाहरुलाई सहयोग गरेकोमा संग्रौलालाई धन्यवाद दिएका थिए ।

# फेरेगौंडा टिमाईघाटको सभा

**बुधबारे, माघ १०।** फेरेगौंडा टिमाई घाटको अध्यक्षमा यादव गुरागाईं चयन भएका छन् । घाटको प्रारम्भिक साधारणसभाले पुनः यादव गुरागाईंकै अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो ।

समितिको उपाध्यक्षमा हेमकुमार अर्याल, सचिव कुलप्रसाद भट्टराई, सहसचिव लक्ष्मी कुइँकेल र कोषाध्यक्षमा कोकिला कुइँकेल रहेका छन् । त्यसैगरी समितिको सदस्यहरूमा डिल्लीराम खतिवडा, धर्मानन्द खतिवडा, पार्वता पौड्याल र ॐकार पराजुली चयन भएका छन् । सोही साधारण सभाले शिवराज पौड्याल, थिरप्रसाद खतिवडा, आनन्द कोइराला, प्रेमबहादुर लिम्बू र तेजबहादुर लामा रहेको सल्लाहकार समिति समेत गठन गरेको छ ।

बुद्धशान्ति गाउँपालिका वडा नं. ५ र ६ का स्थानीयबासीहरूले पारम्पारिक रुपमा उपयोग गर्दै आएको उक्त घाटलाई व्यवस्थित र सुविधायुक्त बनाउने उद्देश्यले छ महिनाअघि गठित तदर्थ समितिले प्रारम्भिक साधारणसभा सम्पन्न गरेको हो । तदर्थ समितिका अध्यक्ष यादव गुरागाईंको अध्यक्षता र बुद्धशान्ति गाउँपालिका वडा नं. ६ का अध्यक्ष शम्भु पौड्यालको प्रमुख आतिथ्य एवम् वडा नं. ५ का अध्यक्ष वासुदेव खतिवडाको विशेष आतिथ्यमा भएको कार्यक्रममा समितिकी सहसचिव कोकिला कुइँकेलले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि पौड्याल र खतिवडाले आ-आफ्ना वडाबाट उक्त घाटलाई मलामी विश्रामालयसहित व्यवस्थित र सुविधायुक्त बनाउन बजेट विनियोजन गर्न र यथाशीघ्र निर्माण गर्न समेत आफूहरू लागिपर्ने बताए । कार्यक्रमको सञ्चालन सचिव कुलप्रसाद भट्टराईले गरेका थिए ।

# पूर्व नेपालको २०औं वार्षिकोत्सव

**दूधे, माघ १०।** पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको २०औं वार्षिकोत्सव सम्पन्न भएको छ ।

कमल गाउँपालिकाको क्याम्पा बजारमा प्रधान कार्यालय रहको सो सहकारी संस्थाले दूधेमा सेवाकेन्द्र स्थापना गर्दै वार्षिकोत्सव मनाएको संस्थाका अध्यक्ष प्रेम सापकोटाले बताए ।

दूधेमा स्थापना भएको सेवाकेन्द्र झापामा सातौं हो । जिल्लाको क्याम्पा र गौरीगञ्जमा कर्पोरेट कार्यालय रहेको सहकारीको आठ हजार शेयर सदस्य रहेका छन् । अध्यक्ष सापकोटाका अनुसार यो आर्थिक वर्षमा शेयर सदस्य संख्या ११ हजार पुग्ने लक्ष्य संस्थाले लिएको छ । २३ करोड चुक्ता पुँजी रहेको पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्था एकमात्र रहेको अध्यक्ष सापकोटाले दाबी गरे ।

सो सहकारी संस्थाले जिल्लाका ८१ जना युवालाई समेत स्वरोजगार बनाएको छ । झापाको गौरीगञ्ज, बिर्तामोड, चन्द्रगढी, दमक, तोपगाछी, सुरुङ्गा, गौरादह र दुधेमा सेवा केन्द्र सो सहकारी संस्थाले स्थापना गरेको संस्थाकी व्यवस्थापक चन्द्रकला ढकालले बताएकी छन् ।

सहकारीको स्थापना दिवसको अवसर पारेर शिवसताक्षी नगरपालिका-११ को राष्ट्रिय रमणीय आदर्श माविका ५० जना गरीब तथा जेहेन्दार विद्यार्थीका लागि सो



विद्यालयको भुपु विद्यार्थी मञ्चलाई ब्याग वितरण गरिएको अध्यक्ष सापकोटाले बताए । मञ्चका अध्यक्ष अशोक बस्नेत सचिव गोविन्द काफ्लेलाई संस्थाका अध्यक्ष सापकोटाले ब्याग वितरण गरेका थिए ।

त्यस्तै संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत कनकाई मुक्तिघाटमा मलामीका लागि दुई हजार लिटर पानी अटाउने पोलिमर ट्यांकी प्रदान गरेको थियो । कन्काई मुक्तिघाट व्यवस्थापन समितिका उपाध्यक्ष मोहन सुवेदीलाई फलामे स्टेण्डसहित उक्त ट्यांकी प्रदान गरिएको अध्यक्ष सापकोटाले बताए ।

पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष समेत रहेका राष्ट्रिय सहकारी संघका केन्द्रीय सदस्य तथा संघका झापा अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

वार्षिकोत्सवको अवसर पारेर सोही कार्यक्रमकाबीच रक्तदान समेत गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी दमक उपसाखा अन्तर्गतको रक्तसञ्चार शाखाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा ४८ पाउण्ड रगत संकलन गरिएको थियो । १० महिलासहित ४८ जनाले रक्तदान गरेको दूधे सेवाकेन्द्रका संयोजक अशोक बस्नेतले बताए ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका झापा अध्यक्ष घनश्याम अधिकारी, सतासीधाम जेसीजका अध्यक्ष कुमारसिंह साँवा लगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाकी टिकामाया थापाले स्वागत गरेको कार्यक्रमको सञ्चालन दीपेन्द्र अधिकारीले गरेका थिए ।

# महिला राजनीतिकर्मीलाई अनलाइन दुर्व्यवहार, बलात्कार र ज्यान मार्ने धम्की !

**झापा (एजेन्सी), माघ १०।** करिब सय महिला राजनीतिज्ञले सन् २०१९को निर्वाचनका क्रममा सामाजिक सञ्जालमार्फत यौन दुर्व्यवहार, बलात्कार र ज्यान मार्ने धम्कीको सामना गर्नुपरेको खुलेको छ । विश्वभर महिलामाथि अनलाइन यौन हिंसाको विषयमा बिहीबार अनुसन्धानकर्ताहरुले आफूहरुको ध्यानाकर्षण भएको जनाएका छन् ।

एमनेस्टी इन्टरनेसनल इण्डियाका अनुसार ९५ भारतीय महिला राजनीतिज्ञलाई मार्चदेखि मेसम्म ट्विटरमा 'हेटफूल मेन्सन' गरिएको जनाएको छ । जसमा हरेक पाँचमध्ये एउटा मेन्सनमा 'यौनजन्य' सामग्री भएको जनाइएको छ । 'डिजिटल राइट्स' विज्ञले भने- 'लैंगिक अनलाइन हिंसाका घटनाहरु बढिरहेका छन् । उनीहरुलाई विभिन्न त्रास देखाउने र सार्वजनिक संस्थाहरुमा अघि बढ्न निषेध गर्ने गरिन्छ । 'महिलाले राजनीतिमा के-कतिसम्म सहनुपर्छ भन्ने कुरा थाहा पाउनुपर्छ । उनीहरु कति असमानतासँग लडिरहेका छन् र महिलाहरुलाई




अघि बढाउन जनताले के गर्नुपर्छ भन्ने जान्नुपर्छ'- भारतीय जनता पार्टीकी सदस्य शजिआ इलमीले भनिन् ।

एम्नेस्टीले आफ्नो प्रतिवेदनमा भनेको छ- 'महिला राजनीतिज्ञमाथिको अनलाइन दुर्व्यवहार बढेको वा घटेको भन्ने स्पष्ट नभए पनि यस्तो खाले अनुसन्धान भारतमा पहिलोपटक गरिएको हो । तर, वर्ल्ड वाइड वेब (डब्लुडब्लुडब्लु) का प्रमुख एड्रियन लोभेटले विश्वभरका विकसित र विकासशील मुलुकहरुमा लैंगिकरुपमा अनलाइन हिंसाका घटना बढिरहेको बताए । डाभोसको विश्व आर्थिक मञ्चमा बोल्दै लोभेटले भने- अनलाइनमा पनि महिला र पुरुषबीचको खाडल थप बढिरहेको छ । लैंगिक आधारमा अनलाइन हिंसा बढिरहेको छ ।

एम्नेस्टीले ती भारतीय महिला राजनीतिज्ञको नाम गोप्य राखेको छ । भारतको तल्लो सदनमा १४ प्रतिशत र माथिल्लो सदनमा ११ प्रतिशत महिला सहभागिता छ । एम्नेस्टीले सन् २०१८ मा बेलायत र अमेरिकामा गरेको यस्तै अध्ययनमा ३२३ महिला राजनीतिज्ञहरुलाई दुर्व्यवहार गर्ने र पीडा पुऱ्याउने किसिमका सात प्रतिशत ट्वीट गरिएको जनाइएको छ । उनीहरुले सामना गरेको अनलाइन यौन दुर्व्यवहारका कारण धेरै महिला राजनीतिज्ञहरुले डिसेम्बर १२को निर्वाचनमा उम्मेदवार नबन्ने निधो गरेका थिए ।

एम्नेस्टीले ट्विटरलाई महिलाको गोपनीयता र अन्य यौन दुर्व्यवहारलाई कम गर्ने नीति अवलम्बन गर्न आग्रह गरेको छ । ट्विटरले भने आफ्नो प्लेटफर्ममा दुर्व्यवहार र उत्पीडनमा पर्ने कुनै सामग्रीलाई स्थान नदिइएको दाबी गरेको छ । ट्विटरका अनुसार ५० प्रतिशत घृणायुक्त सामग्रीहरु प्रविधिमार्फत पहिचान गरी प्रतिबन्ध लगाइएको छ ।

ट्विटरले जारी गरेको वक्तव्यमा भनिएको छ- हामीले कुनै घृणा फैलाउने, दुर्व्यवहारलाई बढावा दिने, पूर्वाग्रही सामग्रीमाथि प्रतिबन्ध लगाएका छौं । ऐतिहासिक रुपमा अल्पसंख्यक र पिछडिएका महिलाको अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउने र उनीहरुलाई विस्थापिन गर्ने सामग्रीलाई फिल्टर गर्ने प्रयास जारी छ । - साउथ चाइन मोर्निङ पोस्ट

# सामुदायिक भवन बनाउन पुराण



**शान्तिनगर, माघ १०।** झापाको बुद्धशान्ति गाउँपालिका-२ स्थित शीतला सामुदायिक सेवा तथा विकास केन्द्रले श्रीमद् देवीभागवत नवाह भक्ति ज्ञान महायज्ञको तयारी गरेको छ ।

यही माघ १८ गतेबाट २६ गतेसम्म महायज्ञको आयोजना गरिएको पत्रकार सम्मेलन गरी जानकारी दिइयो । पुराणबाट संकलित रकमले तीनतले सामुदायिक भवन निर्माण गर्ने र उक्त भवन ज्येष्ठ नागरिकको भेला हुने स्थान बनाइने बताइएको छ । उक्त स्थानमा ज्येष्ठ नागरिकहरुले आफ्नो जीवनकालमा भोगेका तितामिठा अनुभव साटासाट गर्दै मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्न सहज हुने पुराण मूल आयोजक समितिका संयोजक प्रल्हादकुमार खड्काले जानकारी दिए ।

पुराणबाट संकलित रकमले सामुदायिक भवनको कुर्सी लेवल र पीलर उठाउने र बाँकी रकम स्थानीय, प्रदेश र केन्द्र सरकारसँग माग गर्ने संयोजक खड्काले बताए । केन्द्रले आयोजना गरेको यो पाँचौं पुराण हो । यसअघि आयोजित पुराणबाट उठेको रकमबाट केन्द्रको परिसरमा यज्ञशाला, शिवभक्ति मन्दिर निर्माण गरिएको छ भने शीतला देवी प्राचिन मन्दिरको संरक्षणमा खर्च गरिएको केन्द्रका अध्यक्ष प्रेमकुमार शिवाकोटीले बताए ।

केन्द्रको २१औं बार्षिकोत्सवको अवसर पारेर पुराणको आयोजना गरिएको र महायज्ञ सम्पन्न गर्न प्रल्हाद खड्काको संयोजकत्वमा २१ सदस्यीय मूल आयोजक समिति र १२ वटा उपसमिति गठन गरिएको कार्यक्रममा जानकारी दिइयो ।

केन्द्रको तीन कठ्ठा १० धुर जग्गाभित्र सभाहल बनाइने बताइएको छ । पुराणमा करिब पाँच लाख रुपैयाँ खर्च हुने र पाँच लाख रुपैयाँ बचत गर्ने पुराण आयोजक समितिको लक्ष्य रहेको छ । श्रीमद् देवी भागवत नवाह भक्ति ज्ञान महायज्ञको प्रमुख कथा वाचन आचार्य पण्डित शान्तिराम नेपाल र उपवाचन युवा पण्डित मदन खनालको रहने आयोजक समितिले जानकारी दिएको छ ।

हाल पुराणको तयारी तीव्रगतिमा चलिरहेको छ भने पुराण समापनसम्ममा करिब १० देखि १२ हजार जना भक्तजनले कथा श्रवण गर्ने आयोजकको विश्वास छ । उक्त पुराणमा देश-विदेशमा रहेका नेपाली दाजुभाइ/दिदी-बहिनीलाई तन, मन र धनले सहयोग र सद्भाव राखिदिन आयोजक समितिले आग्रह गरेको छ ।

# हलमा 'कमाण्डर'




गत कात्तिक अन्तिमसम्म नेपाली फिल्मका लागि सोलो रिलिज असम्भव जस्तै थियो । हरेक हप्ताको शुक्रबार एक वा दुईभन्दा बढी फिल्मबीच भिडन्त हुँदै आएको थियो । तर, मंसीर महिनाको शुरूवातसँगै चिसो बढ्न थालेपछि नेपाली फिल्म प्रदर्शन नै हुन छाडे । जसकारण सिंगल हल बन्द हुने अवस्थामा पुगेका थिए भने मल्टीप्लेक्समा विदेशी फिल्मको दबदबा थियो ।

चिसो मौसममा दर्शकहरू हल नपुग्ने डरले नेपाली निर्माताले फिल्म प्रदर्शन नै गर्न डराए । तर, विदेशी फिल्मले भने यही मौसममा नेपालमा करोडौं छापे । यसबाट के बुझिन्छ भने दर्शकलाई मौसमले फिल्म हेर्न जान रोक्दैन । फिल्म राम्रो भए जाडो होस् वा गर्मी, दर्शक हलमा पैसा खर्च गर्न डराउँदैनन् । फिल्म नै गतिलो छैन भने जुन मौसममा चलाए पनि दर्शकले साथ दिँदैनन् ।

एक महिनादेखि नेपाली फिल्मविहीन भएका हलहरूमा गत शुक्रबारबाट फिल्म '१२ सत्ताइस' प्रदर्शनमा आएको थियो । बिना प्रचार प्रदर्शनमा उत्रिएको यो फिल्मले हलमा दर्शक तान्ने अपेक्षा गरिएको थिएन । भयो पनि त्यस्तै । फिल्मलाई पहिलो दिनदेखि नै दर्शकको खडेरी लाग्यो । कति हलमा यो फिल्म दर्शक नभएका कारण एक सो समेत नचलेको जानकारी प्राप्त छ ।

त्यस्तै शुक्रबारबाट अभिनेता अनुपविक्रम शाही स्टारर एक्सन प्रधान फिल्म 'कमाण्डर' प्रदर्शनमा आएको छ । यो फिल्म पनि धेरै दर्शकलाई प्रदर्शनमा आएकै थाहा छैन । सिंगल थिएटर र मल्टीप्लेक्स दुबैतिर एकसाथ प्रदर्शनमा आएको फिल्मले खडेरी लागेको नेपाली फिल्मको व्यापार चलायमान बनाउन सफल होला त ? यसका लागि केही दिन प्रतिक्षा गर्नैपर्ने हुन्छ ।

समसामयिक राजनीति, भ्रष्टाचार, तस्करी लगायतका विकृतिविरूद्धको अवाजका रूपमा अर्थ्याइएको फिल्मको निर्देशन एलआर बिबेकले गरेका हुन् । एकल प्रदर्शनको अवसर पाएको फिल्ममा अनुपका अलावा रोविन तामाङ, ध्रुव कोइराला, श्रीराम पुडासैनी, प्रेम शर्माको अभिनय रहेको छ । फिल्मबाट साधना सिलवाल र सगुन थापाले नायिकामा डेब्यू गरेका छन् ।

'कमाण्डर'सँगै नेपाली हलमा शुक्रवारबाट दुई बलिउड फिल्म 'स्ट्रिट डान्सर' र 'पंगा' पनि प्रदर्शनमा आएका छन् । रेमो डिशुजा निर्देशित 'स्ट्रिट डान्सर' मा वरूण धवन, श्रद्धा कपूर, प्रभु देवा, नोरा फतेहीसँगै नेपाली मुलका चर्चित डान्सर सुशान्त खत्रीको पनि अभिनय छ । त्यस्तै, अश्विनी अङ्कयर तिवारी निर्देशित फिल्ममा 'पंगा' मा अभिनेत्री कंगना रनावट लिड रोलमा रहेकी छिन् ।

# वाणिज्य बैंकको स्थापना दिवस

**भद्रपुर, माघ १०।** राष्ट्रिय वाणिज्य बैंकले ५५औं स्थापना दिवस विविध कार्यक्रमको आयोजना गरी मनाएको छ ।

स्थापना दिवसमा राष्ट्रिय वाणिज्य बैंक चन्द्रगढी शाखाले मेची अञ्चल अस्पतालका विरामीहरुलाई फलफूल वितरण गरेको छ । बैंकका चन्द्रगढी शाखा प्रबन्धक ओमप्रकाश दंगालको अध्यक्षता तथा अस्पताल व्यवस्थापन समितिका सभापति सोम पोर्तेलको प्रमुख आतिथ्य र मेची अञ्चल अस्पतालका सुपरिटेन्डेन्ट पिताम्वर ठाकुरको विषेश आतिथ्यमा कार्यक्रम गरिएको राष्ट्रिय वाणिज्य बैंक चन्द्रगढीका लोन अफिसर भुवन गिरीले बताए ।

# सखरखण्डको फाइदैफाइदा

सखरखण्ड वनस्पतिको जरा हो, जुन 'स्टार्च'ले भरिएको हुन्छ तथा स्वाद गुलियो हुन्छ । यसको बोक्रा पातलो र बाहिर खैरो वा हलुका कफी रंगको हुन्छ र भित्र रातो रंगको हुन्छ । यो विभिन्न रंगको हुन्छ । यो कतै सुन्तला रंगमा पाइन्छ भने कतै सेतो, बैजनी, पहेँलो वा नौनी ध्यू रंगको पनि हुन्छ । नेपालमा कुनै भू-भागमा यसलाई सखरखण्ड भनिन्छ भने कतै सुठुनी र तराईमा अलुवा पनि भनिन्छ । सखरखण्ड सफा गरेर बोक्रैसहित वा बोक्रा हटाएर काँचै वा उसिनेर वा पोलेर खान सकिन्छ । यसको पात पनि खान हुन्छ ।

सखरखण्ड फाइबर, भिटामिन बी र सीसँगै आइरन, क्याल्सियम, सेलेनियम जस्ता खनिजले भरिपूर्ण हुन्छ । यस बाहेक सखरखण्डमा बिटा-क्यारोटिन भन्ने पोषकतत्व प्रचुर मात्रामा पाइन्छ, जुन 'एन्टिअक्सिडेन्ट' हो । हामीले खाएको बिटा-क्यारोटिन शरीरमा भिटामिन एमा परिणत हुन्छ । ८० ग्राम सखरखण्डले नै हामीलाई पर्याप्त पोषण दिन्छ ।

क्यान्सर लगायत अन्य रोगको जोखिम घटाउने कुनै एउटा विशेष खानेकुरा वा 'सुपरफुड' छैन । किनभने क्यान्सर हुने



सम्भावन भोजनसँग गाँसिएको छैन । तर, हामीले स्वस्थकर र पोषणयुक्त भोजन गरे क्यान्सरको जोखिम घट्ने विभिन्न अध्ययनले देखाएका छन् ।

फलफूल र सागसब्जीमा प्रचुर मात्रामा एन्टिअक्सिडेन्ट र 'कम्पाउन्ड्स' पाइन्छ, जसले हाम्रो शरीरलाई 'फ्रि र्‍याडिकल'ले गर्ने हानीबाट बचाउँछ । विभिन्न अध्ययनले सखरखण्डको बोक्रामा पाइने दुर्लभ एन्टिअक्सिडेन्ट र विशेषगरी वैजनी रंगको सखरखण्डले शरीरमा हुने 'अक्सिडेसन' प्रक्रिया न्यून गर्ने भएकाले क्यान्सरको जोखिम घटाउन सघाउने देखाएका छन् ।

एसिया महादेशमा गरिएको एउटा अध्ययनले अत्यधिक मात्रामा भिटामिन ए पाइने खानेकुरा (सखरखण्डको पात समेत) ले फोक्सोमा क्यान्सर हुने जोखिम घटाउने देखाएको छ ।

सखरखण्डमा पाइने अत्यधिक फाइबरले हाम्रो पाचन प्रणालीलाई स्वस्थ राख्ने पोषणविद्हरू बताउँछन् । अहिलेसम्म जनावरमा मात्र अनुसन्धान गरिए पनि सखरखण्डमा पाइने 'फाइटोस्टेरोल'ले पाचन प्रणालीको सुरक्षा गर्ने र पेटको तथा सानो आन्द्राको अल्सरबाट जोगाउन उपयोगी हुने संकेत पाइएको छ । यसले 'इबुप्रोफिन'जस्ता एनएसएआइडिएस (नन स्टेराइडल एन्टिइन्फ्लेमेटरी ड्रग्स) औषधिको प्रयोगबाट हुने नकारात्मक असरसमेत न्यून पार्छ ।

सखरखण्डले टाइप टु मधुमेह व्यवस्थापनमा सघाउने वा उपयोगी छ/छैन भन्नेबारे अझै धेरै अनुसन्धान हुन बाँकी छ । तर, यसबारे भएका केही अनुसन्धानले भने सामान्य मात्रामा सखरखण्ड र यसका पातको उपयोगले टाइप टु मधुमेहका रोगीलाई रगतमा चिनीको मात्रा नियन्त्रणमा सघाउने देखाएका छन् । जर्नल अफ फुड एण्ड न्युट्रिसन रिसर्चले गरेको एउटा अध्ययनले वैजनी रंगको सखरखण्डमा मात्र पाइने 'एन्थोसाइनिन' नामको एन्टिअक्सिडेन्ट आँखाका लागि लाभदायक रहेको पत्ता लगाएको थियो ।

सखरखण्ड सन्तुलित भोजन/आहारका लागि सर्वोत्तम खानेकुरा हो । यसमा पाइने अधिकांश तत्व हाम्रो स्वास्थ्यका लागि उपयोगी भए पनि एउटा तत्व 'अक्जालेट'ले भने क्याल्सियम र अरु खनिज तत्वलाई ढिक्का पार्ने वा जमाउने काम गर्छ । भोजनमा अक्जालेटको मात्रा धेरै भए मिर्गौलामा पत्थरी हुने सम्भावना हुन्छ । त्यसैले मिर्गौलामा पत्थरी हुने सम्भावना भएका व्यक्तिले भने धेरै सखरखण्डको उपभोग गर्नुहुँदैन । सखरखण्ड पकाएर खाँदा यसमा पाइने बिटा-क्यारोटिनको मात्रा घट्छ । उसिन्दा भने यसको बिटा-क्यारोटिनको मात्रा धेरै घट्दैन । तर, पकाउँदा यसमा पाइने भिटामिन सीको मात्रा भने वृद्धि हुन्छ ।